# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा शब्द 'शिक्ष' धातुमा 'अ' प्रत्यय लागेर बनेको शब्द हो । जुन शब्द सिकाउनु, सिक्नु, ज्ञानको वृद्धि गर्नु, राम्रा गुणको विकास गर्नुसँग सम्बन्धित छ । शिक्षा ज्ञान विकास र वृद्धिको समिश्रण रूप हो । जुन ज्ञान प्राप्त गरिन्छ, त्यसबाट नै वृद्धि, विकास राम्ररी हुने कुरा निश्चित छ त्यसैले शिक्षा जीवन जिउने पथप्रदर्शक हो ।

ढुङ्गे युगबाट विकास हुने क्रमबाट नै शिक्षाको विकास अप्रत्यक्ष र प्रत्यक्ष रूपमा औपचारिक र अनौपचारिक तवरबाट विकास भएको मानिन्छ। जब ढुङ्गे युगमा जीवन जिउने क्रममा जङ्गलमा रहँदादेखि नै आहारा जुटाउने क्रममा एकले अर्कोलाई सहयोग गरेको इतिहासमा पढ्न पाउछौँ हामी। एकले जानेको ज्ञान, सीप अर्कोलाई सिकाउँछ। विकासका क्रममा प्राचीन युगमा प्रवेश गरेपछि पनि आफ्ना आफन्त ठूलाबडा, परिवार, आमाबुबाबाट आवश्यक ज्ञान, सिप सिकाउने चलन थियो। जुन सिक्ने सिकाउन क्रम पुस्तासँगै हस्तान्तरण गर्दै जाने व्यवस्था नै शिक्षा विस्तारको क्रम बन्यो (शर्मा, २०५८) ।

शिक्षा गर्भाधारण देखि नै मृत्युपर्यान्त निरन्तरण चलिरहने प्रक्रिया हो। शिक्षा मानिसको अभिन्न अङ्ग हो । शिक्षा विकासको निर्माणको एउटा निश्चित आधार हो । शिक्षा औपचारिक, अनौपचारिक र अनियमित गरी तिन वर्गबाट सिक्न सकिन्छ। विद्यालय र क्याम्पस स्तरीय रूपमा सञ्चालन गरिने शिक्षा औपचारिक हो। जुन निश्चित दायरा, घेरामा र नियममा रहेको हुन्छ। औपचारिक शिक्षाभन्दा बाहिर उद्देश्य परिपूर्तिका लागि सिकिने ज्ञान, सिप अनौपचारिक शिक्षा हो र आकस्मिक रूपमा सिकिने शिक्षा अनियमित शिक्षा हो ।

हाम्रो देश नेपालको शैक्षिक इतिहासलाई नियाल्दा प्राचिन समयमा शिक्षा लिन इच्छुकहरू, गुरुको आश्रममा गई गुरुहरूको शिष्यको रूपमा रहेको ज्ञान लिन्थे र त्यही ज्ञान सिपको साहारामा जीवज जिउँथे। जुन गुरुकुल शिक्षा आश्रममा हुन्थ्यो । जुन समयमा राज्य एकीकरण भएको थिइन, त्यस समयमा ऋषिकुल, देवकुल, पितृकुल र गुरुकुल शिक्षा

चलनमा थियो । त्यस समयमा नेपालको शिक्षा प्रणाली अव्यवस्थित थियो । लिच्छवी काल र मल्लकालमा समेत शिक्षालाई राज्यको दायित्व, कर्तव्यमा राखिएको थिएन ।

नेपालमा सर्वसाधारण जनताले शिक्षा आर्जनको अवसर पाउन थालेको समय लामो भएको छैन । वि.सं. १९१० सालमा थापाथली दरबारमा अङ्ग्रेजी स्कुलको स्थापना उच्च वर्गका छोराछोरीलाई शिक्षा प्रदान गर्ने उद्देश्यले भएको थियो । जुन पहिलो सरकारी र औपचारिक विद्यालय थियो । जुन विद्यालय पछि गएर दरबार हाइस्कुल हुन गयो । राणाशासन उदय भई समय धेरै बित्दा पनि शिक्षाको विकास हुन सकेन । केही राणाशासक राम्रा विकास गर्ने खालका थिए तापनि उनीहरूकै दाजु तथा भाइले बीचमै षड्यन्त्र गरी विकास हुन दिएनन् । राणाशासन १०४ वर्ष हुँदा पनि केही प्रशंसायोग्य प्रगति शिक्षाका क्षेत्रमा भने देखिएन । २००७ सालसम्ममा औपचारिक रूपमा ३१० भाषा पाठशाला माध्यमिक विद्यालय ११ ओटा मात्र थिए भन्ने इतिहासमा पाइन्छ । २००७ सालको प्रजातन्त्र प्राप्ति पछि विद्यालयहरू धेरै खुले । जुन प्रजातन्त्र प्राप्तिपछि खुलेका विद्यालयलाई राम्ररी व्यवस्थित गरी सञ्चालन गर्दै सबैलाई शिक्षा दिने उद्देश्यले वि.सं. २०११ सालमा शिक्षा प्रतिवेदन २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति र २०२८ सालमा रा.शि.प. यो विज्ञान तथा प्राविधिक ज्ञानको प्राथमिकताका साथ स्थापना भयो । त्यसपश्चात शिक्षालाई एकिकरण गरियो । विद्यालयलाई सार्वजनिक र निजी २ प्रकारमा नामाकरण गरिएको थियो । शिक्षाको तहगत संरचना, एउटै पाठ्यक्रम, छात्रवृत्तिको व्यवस्था, विज्ञान तथा प्राविधिक ज्ञानमा जोड, शिक्षकहरूको व्यवस्था आदि २०२८ का विशेषताहरू हुन् । समयसँगै विद्यालय खुल्दै विकास हुँदै आजको समयसम्म आइपुग्यो ।

पहिलो योजना वि.सं. २०१३ सालबाट योजनाबद्ध रूपमा विकास हुँदै प्रत्येक पञ्चवर्षीय योजना तथा त्रिवर्षीय योजनामा विद्यालयको भौतिक सुधार र शिक्षा विकासका लागि लगानी हो धेरै गरिएको देखिन्छ । सरकारी लगानी लगायत समुदाय र गैर सरकारी निकायहरूले समेत आफ्नो-आफ्नो स्तर र ठाउँबाट सहयोग गरेका छन् ।

नेपालमा वि.सं. २००७ सालमा राणा शासनको अन्त्यपछि शिक्षाको तहगत संरचना स्थापित हुँदै गयो । २०१० अघि शिक्षाको तहगत संरचना ३+२+३+२ थियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ मा ५+६, पाठ्यक्रम कार्यान्वयन योजना २०३८ मा ५+२+३, राष्ट्रिय शिक्षा आयोग २०४९-५+३+२+२, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३

अनुसार माध्यमिक शिक्षा ९-१२ निर्धारण गऱ्यो । आधारभूत तह १-८ रहेको छ । नेपालको जनगणना २०६८ अनुसार साक्षरता प्रतिशत ६५.९ रहेको छ । सबैलाई शिक्षा प्रदान गरी साक्षरता प्रतिशत वृद्धि गर्दै गुणस्तर शिक्षा प्रदान गरी विकासलाई अगाडि बढाउनका लागि सबैका लागि शिक्षा सन् २००० मा शिक्षा सम्बन्धी विश्व सम्मेलन सेनेगलको डकारमा भएको थियो । जसका मुख्य लक्ष्य ६ ओटा छन्, पिछडिएका, सुविधा विहिन बालबालिकाका लागि बालविकास शिक्षाको विस्तार गर्ने, जीवनोपयोगी शिक्षाको सुनिश्चित पूर्ण रूपमा निःशुल्क, अनिवार्य गुणस्तरीय शिक्षा आदि लक्ष्य रहेका छन् । विश्व सम्मेलनका ६ ओछा लक्ष्यलाई मध्यनजर गर्दै नेपालले आफ्नो भाषिक तथा जातीय यथार्थतालाई ध्यानमा राखी १ ओटा लक्ष्य थपी ७ ओटा बनाएको छ ।

सबैका लागि शिक्षाले जोड दिएको मुख्य पक्ष विद्यालय भर्ना हो र सबैलाई शिक्षाको पहुँच दिन सक्नु हो । वर्तमान नेपालको संविधानमा धारा ३१ मा शिक्षा सम्बन्धी हक रहेको छ। शिक्षा अनिवार्य रूपमा पाउनुपर्ने हक अधिकार हो। त्यसैगरी धारा ३९ मा बालबालिकाको हक रहेको छ। बालअधिकार हनन् नहोस्, विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर नहुन्, सुरक्षित बाँच्न पाउन्, अधिकार दिलाऔँ आदि कुरा उल्लेख छन् । महिलाको हक धारा ३८ मा रहेको छ । लैङ्गिक भेदभावरहित शिक्षा पाउन्, अधिकारबाट वञ्चित नगरौँ आदि उल्लेख छन् । प्राथमिक शिक्षादेखि निःशुल्क गर्दै माध्यमिक शिक्षासम्म पुऱ्याएको छ, वि.सं. २०३१ फाल्गुन १२ गतेबाट प्राथमिक शिक्षा निःशुल्क गरिएको हो ।

शिक्षा चेतनाको वाहक हो। समाजको मार्गदर्शक हो। व्यक्ति, समाज र राष्ट्र विकासको सशक्त माध्यम हो। यसलाई सामाजिक, सांस्कृतिक परिवर्तनको मेरुदण्ड, सामाजिक गतिशिलताको प्रतिविम्ब र मानव सशक्तिकरणको साधनका रूपमा सर्वत्र स्वीकारिएको छ। समाजमा प्राकृतिक रूपले महिला, पुरुष, काला, गोरा, अग्ला आदि विभिन्न प्रकारका व्यक्ति हुन्छन्। शिक्षाले समाजद्वारा सिर्जित व्यक्ति-व्यक्तिबीचको असमानतालाई निराकरण गर्न सहयोग गर्छ। मानिसमा शिक्षाले जातिपाती, छुवाछुत, अन्धविश्वास, रुढिवाद र मनोकेन्द्रित चिन्तनलाई बदल्न प्रेरणा दिन्छ। सामाजिक न्यायका बाधक यी कुराहरूलाई बढार्न सहयोग गर्नु न्याय स्थापनामा योगदान दिनु हो। वास्तवमा मानव सभ्यताको विकास र सामाजिक न्यायको प्रवर्द्धन गर्न शिक्षा एक अमूल्य रत्न हो।

यसै तथ्यलाई मनन् गरी हाम्रो देशमा पनि प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा शिक्षा लिने प्रचलन रहिआएको पाइन्छ ।

वैदिक शिक्षा र बौद्ध शिक्षामा विभाजित वैदिक हिन्दु धर्म र बौद्ध धर्मको मार्गदर्शनबाट विकास हुँदै आएको पाइन्छ । प्राचीन नेपालको शिक्षा प्रणाली पूर्ण रूपमा गुरुकुल प्रणालीमा आधारित रहेको पाइन्छ । शिक्षा विकासको स्वदेशी (प्रारम्भिक) चरणमा परम्परागत कला, सांस्कृतिको जगेर्ना गर्न र स्थानान्तरण गर्न जोड दिइएको साथै ब्राम्हण, भाइभारदारहरू र उच्च वर्गका लागि जीविका सम्बन्धी पेशागत संस्कृत शिक्षा प्रदान गर्ने गरिएको पाइए तापनि शिक्षाको औपचारिक संरचना तयार भएको पाइँदैन । बौद्ध र हिन्दु दर्शनबाट मार्ग निर्देशित शिक्षा प्रणाली अन्तर्गत परम्परागत मठ, मन्दिर, बौद्ध विहार, गुम्बा, कला र संस्कृतिको संरक्षण र विकास गर्न यस चरणको शिक्षा सक्रिय रहेको पाइन्छ । दोस्रो चरण (शैक्षिक उपेक्षाको चरण) अन्तर्गत शाह कालमा शैक्षिक विकासमा भन्दा नेपाल राज्यको एकीकरण र सुदृढिकरणमा ध्यान केन्द्रित भएको पाइन्छ । तेस्रो चरण (राणाकालमा शिक्षा विकासको विरोध हुँदाहुँदै पनि आफ्ना छोरा र भाइभारदारहरू तथा आफ्नो नातेदारहरूको शिक्षाको लागि वि.सं. १९१० मा जङ्गबहादुर राणाले दरबार स्कुलको स्थापना गरेको पाइन्छ । सर्वसाधारण जनतालाई शिक्षाको ज्योतिबाट अलग राख्ने कठोर रणनीति उनले राखेको पाइन्छ । समय र परिस्थितिको कडा दबाबमा परी त्रिचन्द्र कलेजको स्थापना गरे तापनि चन्द्र शमशेरले शिक्षालाई सकारात्मक रूपमा लिएका थिएनन् । राणाकालीन समयमा सर्वसाधारण जनतालाई पढ्न पाउने अवसरबाट वञ्चित गरिएको थियो) । चौथो चरणमा (विकास कालमा), राणाशासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएपछि शिक्षा विकासको ढोका खोलिएको र विद्यालयहरूको स्थापना तथा शिक्षाको गुणात्मक विकासमा जोड दिइएको पाइन्छ ।

वि.सं. २००७ सालदेखि २०२७ सालसम्म विभिन्न आयोग, कमिसन, समिति, गठन भएका र ती सबैका सुझाव, प्रतिवेदन र सिफारिसहरूलाई समेटेर वि.सं. २०२८ सालमा नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ लागु भएपछि विद्यालयमा प्रत्येक तहमा पाठ्यक्रमको निर्माण गरी प्रत्येक तहका निश्चित उद्देश्य निर्धारण गरी पाठ्यक्रमका आधारमा औपचारिक शिक्षा प्रदान

गर्ने व्यवस्थाको थालनी गरिएको र हालसम्म पनि सोही प्रक्रिया बमोजिम शिक्षा प्रदान गर्ने परिपाटी कायम रहँदै आएको पाइन्छ ।

आधारभूत शिक्षा, जीवनको आवश्यकता हो । जीवन जिउने आधार हो । जुन आर्जन अपरिहार्य छ। जीवनको आधार स्तम्भ हो। अहिलेको समयमा कक्षा १-८ सम्मलाई आधारभूत शिक्षा मानिएको छ (शिक्षा नियमावलीको चौथो संसोधन २०६६) । ५/१७ ले प्राथमिक र निम्नमाध्यमिक तहलाई आधारभूत तह भनी संशोधन गरेको छ। नेपालमा आधारभूत शिक्षालाई कक्षा १-८ बनाउने आधिकारीक शैक्षिक योजना SSRP हो । त्यसैगरी विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत तहलाई तीन चरणमा विभाजन गरेको छ। पहिलो चरण (१-३), दोस्रो चरण (४-५), तेस्रो चरण (६-८)। विद्यालय क्षेत्र विकास योजनाको रणनीति आधारभूत शिक्षाको गुणस्तर सुधारमा जोड दिने रहेको छ। आधारभूत शिक्षाको उमेर ६-१३ रहेको छ। जुन विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालयको पहुँचबाट बाहिर नहुन सबै विद्यालयमा भर्ना भई सहभागि हुन, समावेशी शिक्षालाई जोड दिनु, विभिन्न कारणबाट भेदभाव नहोस्, आर्थिक भौगोलिक, महिला बालबालिका दलित, सीमान्तकृत, अपाङ्ग आदि कारणले शिक्षाबाबट वञ्चित नभई विद्यालयमा भर्ना वृद्धि भई, निरन्तर रूपमा विद्यालय आई शिक्षा आर्जन गर्न सकुन्। त्यो नै वास्तविक सहभागिता हो। ६-१३ वर्ष उमेर समूहका बालबालिका विद्यालयबाट बाहिर नहुन् ।

शैक्षिक तथ्याङ्क २०७१ अनुसार आधारभूत विद्यालय ३४, ५०६ ओटा रहेका छन् । आ.व. ०६६/०६७ मा आधारभूत तहको खुद भर्नादर ८३.२ रहेको थियो। त्यसैगरी २०७१ मा ८२.४% रहेको छ। त्रिवर्षीय योजनाको लक्ष्य ९१.३ भए पनि सफल हुन सकेन। भर्नादर बढ्दै जानुपर्नेमा कहिले बढ्ने त कहिले घट्ने कम रहेको छ। प्रत्येक वर्ष देशको ठुलो लगानी शिक्षा क्षेत्रमा देखिए तापनि आशातीत लक्ष्य पूरा हुन नसकेको तितो यथार्थ हामी सामु छर्लङ्ग छ ।

विद्यालय उमेर समूहका बालिबालिका विद्यालय कतिको उपस्थित छन् ? भर्नादरलाई किन वृद्धि गर्न सकिरहेको छैन ? लगानी अनुसार आवश्यक पूर्वाधार विकास हुन नसक्नु, विद्यालयमा विद्यार्थी टिकाइ राख्न नसक्नु, आधारभूत शिक्षामा पहुँच पुऱ्याउन नसक्नु, गुणस्तर कमजोर हुनु, शैक्षिक उपलब्धि, साक्षरता प्रतिशत सन्तोषजनक नहुनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

आधारभूत शिक्षा जीवनको आधार निर्माण गर्न सहयोग गर्ने शिक्षा हो। शिक्षा आर्जनको पहिलो खुड्किलो हो। आधारभूत शिक्षाबिना माध्यमिक, उच्च शिक्षाको कल्पना गर्न सकिन्छ। शिक्षा जन्मबाटै सुरु हुन्छ, अनौपचारिक रूपमा शिक्षा आर्जन गर्दै गइन्छ। जब उमेर बढ्दै जान्छ बालबालिकालाई औपचारिक शिक्षा तर्फ प्रवेश गराइन्छ जुन आधारभूत शिक्षा हो। आधारभूत शिक्षा जीवनकै महत्वपूर्ण आवश्यकता हो। आधारभूत शिक्षा आर्जन गर्ने बालबालिकाको उमेर ६-१३ रहन्छ। शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो।

त्यसैले विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालयभन्दा बाहिर नभई अनिवार्य रूपमा विद्यालयमा भर्ना हुन आवश्यक छ। भर्नालाई मात्र सहभागिता भन्न मिल्दैन, सहभागिता भन्नाले सम्पूर्ण विद्यालय उमेर समूहका बालबालिका हो। समावेशी रूपमा विद्यालयमा भर्ना भई निरन्तर रूपमा विद्यालयमा उपस्थित भई उत्साह जोस र जाँगरका साथ अध्ययन गर्दै विद्यालयमा हुने सम्पूर्ण क्रियाकलाप, अतिरिक्त क्रियाकलापमा सहभागि हुँदै, शैक्षिक सत्र पूरा गर्दै उद्देश्य अनुरूपको शैक्षिक उपलब्धि प्राप्त गरी सफल हुनु नै सहभागिता हो, सक्रिय रूपमा सहभागिता हुनुपर्दछ। बीचैमा कक्षा छोड्नु, कक्षा दोहोऱ्याउनु वास्तविक सहभागिता होइन, त्यसैले विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरू विद्यालयमा भर्ना भई निरन्तर रूपमा विद्यालयमा उपस्थित भई परिवार समाज राष्ट्रले राखेको उद्देश्य पूरा गर्न सक्नुपर्छ। आशातित उद्देश्य पूरा गर्नु पर्दछ।

त्यसैले, विद्यार्थीको पहुँच विद्यालयमा कस्तो छ ? विद्यालय उमेर समूहका बालबालिका विद्यालयमा कतिको आएका छन् ? सहभागिता नियमितता, समावेशी आदिको अवस्था कस्तो रहेको छ भनी खोजी गर्ने र नेपालले शिक्षा क्षेत्रमा खर्च, सेवा, सुविधा, शिक्षक तालिम व्यवस्था गरी लक्ष्य राखी राष्ट्रको विकास गर्ने आशा राखिएको कारणले शैक्षिक अवस्था, प्रत्येक विद्यालय हुँदै, व्यक्ति देशको उपलब्धि कस्तो छ ? असर कस्तो छ ? शैक्षिक अवस्थामा के कस्तो परिवर्तन भएको छ। विद्यालयमा बालबालिकाको सहभागिता के कस्तो छ भनी जानकारी लिनका लागि उक्त विषयमा अध्ययन अनुसन्धान गर्नु नेपालको परिप्रेक्ष्यमा सान्दर्भिक र समय सापेक्ष रहेको निश्चित भई आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता भन्ने शीर्षकमा अध्ययन अनुसन्धान गर्न खोजिएको छ। जुन

अनुसन्धान व्यक्ति, परिवार, समुदाय विद्यार्थी विद्यालय लगायत राष्ट्रको लागि सहयोगी हुनेछ ।

**१.२ समस्याको कथन**

आधारभूत तह (कक्षा १-८) मा ६-१३ वर्ष उमेर समूहका बालबालिकाहरूको समावेशी रूपमा विभिन्न विभेदरहित सहभागिता कस्तो छ भनी खोजी गर्न, आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता भन्ने शीर्षक लिइने छ। जुन अनुसन्धान विद्यार्थी, अभिभावक, शिक्षक, व्यवस्थापन पक्ष आदिसँग सम्बन्धित रहेको छ ।

शिक्षामा खुद भर्नादर वृद्धि गर्ने उद्देश्य राखे तापनि जुन उद्देश्य अनुरूप विभिन्न प्रयास र खर्च गरे तापनि प्राप्ति गर्न नसकेको अवस्था आज छ। विद्यार्थीहरूको सामुदायिक आधारभूत शिक्षामा सहभागिता ह्रास हुँदै गएको अर्थात् सहभागिता सन्तोषजनक रहेको पाइँदैन। बीचैमा कक्षा छाडने तथा कक्षा दोहोऱ्याउने स्थितिले शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। जसले गर्दा नेपालको शैक्षिक अवस्था बढ्न नसकेको साक्षरता प्रतिशत वृद्धि गर्न कठिन परेको छ। विद्यालय उमेर समुहका बालबालिकाहरू विद्यालय बाहिर रहेका छन्। ठुलो बालबालिकाको समुह उज्यालो शिक्षाको किरणबाट बञ्चित भई अँध्यारो बादलमा परेका छन् ।

आधारभूत शिक्षा, प्रत्येक व्यक्तिको आवश्यकता हुँदाहुँदै पनि बञ्चित हुनुपर्ने अवस्था छ तर कतै पढ्ने मन, रहर हुँदाहुँदै पनि विद्यालयबाट बञ्चित हुनुपर्ने बाध्यता छ। जसका कारण व्यक्ति, परिवार, समाज हुँदै समग्रमा राष्ट्रको नै विकासमा असर परेको छ। नेपाल र नेपाली जनता गरिब हुनुपर्ने बाध्यता छ। आधारभूत आवश्यकता जुटाउन पनि कठिन छ। जसको प्रत्यक्ष र महत्वपूर्ण कारण शिक्षा हो। जसबाट बञ्चित हुन नपरोस् र विकास उन्नतिलाई अगाडि बढाउन सकियोस् र शैक्षिक उपलब्धि तथा आर्थिक आर्जनमा सहयोग मिलोस् भन्ने हेतुले आधारभूत शिक्षाबाट वञ्चित नगराउन विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

यस्ता कार्यक्रमहरूमा छात्रवृत्ति, शिक्षक तालिम, शिक्षक आयोग, निःशुल्क पाठ्यपुस्तक व्यवस्था गरिएको छ। राष्ट्र, जिल्ला, क्षेत्रिय स्थानीयबाट सक्दो प्रयास भएको छ। शिक्षा उपलब्धिका लागि यसबाट आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिताको

परेको असर विषयमा अध्ययन अनुसन्धान भएको छैन त्यसकारण आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिताको वास्तविक अवस्था थाहा पाई भर्ना नियमितता कक्षा छाड्ने, दोहोऱ्याउने र परिवर्तनको मूल्याङ्कन गर्न पत्ता लगाएका समस्याको समाधान गर्ने उपायहरूको खोजी गर्न यस विषयलाई मुख्य समस्याको रूपमा लिइएको छ। जुन समस्या समाधानका पाटा देखाई सही रूपमा शैक्षिक उपलब्धि हासिल गरी भर्नादर या सहभागिता वृद्धि गरी टिकाइ राख्ने शैक्षिक उपलब्धि हासिल गर्दै, व्यक्ति, परिवार, समाज, देशको सहयोग गर्ने उद्देश्यले मुख्य विषय "आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता" भन्ने शीर्षकमा अध्ययन र अनुसन्धान गर्न खोजिएको छ।

### १.३ अध्ययनको औचित्य

नेपालमा सामुदायिक आधारभूत तहको शिक्षामा विद्यार्थीको पहुँच वृद्धिका लागि सरकारले ठूलो लगानी तथा प्रयास गरे तापनि विद्यार्थीको सहभागिता सन्तोषजनक नभएको एउटा प्रमुख समस्याकै रूपमा रहेको छ। कुनै पनि अध्ययन अनुसन्धानकर्ताले अहिलेसम्म यस समस्याको बारेमा, समाधानका उपायका बारेमा अध्ययन अनुसन्धान नगरेको प्रस्तुत शीर्षकमा अध्ययन अनुसन्धान कार्य गर्ने औचित्यपूर्ण रहेको छ। जुन अनुसन्धानले आधारभूत तहको शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गर्नेसँग सम्बन्धित निकायलाई जानकारी प्रदान गर्ने छ। आधारभूत तहमा विद्यार्थी भनेको वर्तमान अवस्था कस्तो छ भनी पत्ता लगाउन सहयोग मिल्नेछ। यस अध्ययन अनुसन्धानले अरू अध्ययन अनुसन्धान गर्नका लागि उद्देश्य निर्माण गर्न, सहयोग मिल्नेछ। विषयवस्तु छनोट, व्याख्या, विश्लेषण आदिमा सहयोग मिल्नेछ। समुदायमा रहेका सम्पूर्ण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा उपस्थित गराई टिकाइराख्न, सबै जाति वर्गका बालबालिकाहरू आधारभूत शिक्षामा समान रूपले सहभागिता एवम् गुणस्तरीय शैक्षिक उपलब्धि वृद्धि गर्न सहयोग मिल्नेछ।

विद्यार्थी सहभागिता वृद्धि गरी विद्यार्थीहरू विद्यालयमा टिकाइ राख्ने, उपयुक्त शिक्षा प्रदान गरी शैक्षिक उपलब्धिमा वृद्धि गर्न सहयोग मिल्नेछ। आधारभूत तहको शिक्षामा विद्यार्थीको पहुँच कम हुनुको कारण पहिचान गरी समाधानको पाटो खोजिएको छ। जसले थप अनुसन्धानकर्ता, योजना निर्माता, नीति निर्माता, स्थानीय स्तर, जिल्ला क्षेत्र र राष्ट्र साथै समाजको विकासबाट सहयोग पुऱ्याउने छ। सबैलाई सहयोग पुऱ्याउने भएकाले यो अध्ययनको औचित्य पुष्टि हुनेछ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानको उद्देश्यहरू यस प्रकार रहनेछन् :

१. आधारभूत तहमा विद्यार्थी सहभागिताको वर्तमान अवस्था पहिचान गर्ने,

२. आधारभूत तहको शिक्षामा विद्यार्थी भर्ना, नियमितता, कक्षा दोहोर्‍याउने तथा छोड्ने दर पत्ता लगाउन,

३. आधारभूत तहको शिक्षामा विद्यार्थी सहभागिता न्यून हुनुको कारणहरू खोजी गर्न,

४. आधारभूत शिक्षामा विद्यार्थीको सहभागितामा वृद्धि गर्ने उपायहरू खोजी गरी सुझाव दिन ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत उद्देश्यहरू पूरा गर्न यसप्रकार अनुसन्धानात्मक प्रश्नहरूमा केन्द्रित रही अनुसन्धान कार्य गरिएको छ :

१. आधारभूत तहमा विद्यार्थीको भर्नाको अवस्था कस्तो छ ?

२. आधारभूत तहमा विद्यार्थी भर्नामा सहभागिता कस्तो छ ?

३. आधारभूत तहमा गत सत्रमा विद्यार्थीको सहभागिता कस्तो थियो ?

४. विद्यार्थीको नियमितता र कक्षा छोड्ने अवस्था कस्तो छ ?

५. आधारभूत तहको शिक्षामा विद्यार्थीको कक्षा दोहोर्‍याउने अवस्था कस्तो छ ?

६. विद्यार्थीले कक्षा छोड्ने र दोहोर्‍याउने कारणहरू के के हुन् ?

७. विद्यार्थीले कक्षा छोड्ने र दोहोर्‍याउने दरलाई न्यूनिकरण गर्न के कस्तो उपाय अपनाउन सकिन्छ ?

८. विद्यार्थीको सहभागिता घट्दो क्रमका कारणहरू के के हुन् ?

९. आधारभूत तहको शिक्षामा विद्यार्थीहरूको सहभागिता बढाउन स्थानीय स्तरबाट के कस्तो उपाय अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता शीर्षकमा अध्ययन अनुसन्धान गरिएको छ। यो शोध अध्ययन अनुसन्धान झापा जिल्लाको १७ स्रोतकेन्द्रहरूमध्येबाट दुधे स्रोतकेन्द्रमा रहेका सामुदायिक माध्यमिक विद्यालयमा गरिएको छ। दुधे स्रोतकेन्द्रमा रहेका ३६ विद्यालयहरू मध्येबाट ५ विद्यालयहरू राष्ट्रिय रमणीय मा.वि. शिवसताक्षी नगरपालिका ११, बालनिकुञ्ज मा.वि. शिवसताक्षी नगरपालिका ९, झिलझिले मा.वि. शिवसताक्षी नगरपालिका ८, भगवती मा.वि. र सहिद भीम नारायण मा.वि.लाई लिएर अध्ययन अनुसन्धान गरिएको छ। अध्ययनका लागि लिएको विद्यालयबाट प्र.अ.५, शिक्षकहरू १०, विद्यार्थीहरू १५, विद्यालयका अभिभावकहरू १० गरी जम्मा ४० जना सम्भावनायुक्त नमुना छनौटद्वारा अध्ययनका लागि छानिने छ। उक्त अध्ययनलाई विद्यालयका शैक्षिक सत्र ०७१, ०७२, ०७३ को तथ्य तथ्याङ्कको आधारमा अगाडि बढाइएको छ। झापा जिल्लाका १७ स्रोतकेन्द्रहरूमध्ये एउटा दुधे स्रोतकेन्द्रका ५ ओटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सहभागिता रहनेछ। खुला र बन्द प्रश्नावली उपयोग गरिएको छ। आधारभूत तहलाई तीन चरणमा बाँडिएको हुनाले पहिलो चरण १-३, दोस्रो चरण ४-५ र तेस्रो चरण ६-८ मध्ये तेस्रो चरण ६-८ लाई यस अध्ययनमा प्राथमिकता दिइएको छ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

जनशिक्षा : जनताले खोजेजस्तो शिक्षा

शैक्षिक उपलब्धि : पाठ्यक्रमले किटान गरेका शिक्षाका उद्देश्यहरू

खुद भर्ना दर : विद्यालय सेवा क्षेत्रभित्र रहेका विद्यालय जाने उमेर अनुसारका बालबालिकाको विद्यालयमा भर्ना भएको अनुपात

'सबैको लागि शिक्षा' : शिक्षामा सतप्रतिशत बालबालिकाको पहुँच पुऱ्याउने अन्तर्राष्ट्रिय नारा र प्रतिबद्धता

विकेन्द्रीकरण : शैक्षिक योजना निर्माण गर्ने अधिकार तल्लो तहको शैक्षिक निकायसम्म प्रदान गर्ने परिपाटी

परिसीमा : अध्ययन अनुसन्धान गर्नको लागि बनाइएको सीमा

भर्ना दर : विद्यालय सेवा क्षेत्रमा भएका विद्यालय उमेर समुहका बालबालिकाको विद्यालयमा पहुँचको अनुपात।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि त्यसको केही आधारशिला आवश्यक हुन्छ । अध्ययन गर्न खोजिएको विषवस्तुको बारेमा विगतमा भएका खोज अनुसन्धान र उक्त अध्ययनसँग सम्बन्धित सैद्धान्तिक खाका र लेख रचना नै अध्ययनको आधारशिला हुन् । यस्ता अध्ययनले आफ्नो विषयवस्तुमा विगतमा भएका अध्ययन अनुसन्धानहरू र अध्ययन गरिनु पर्ने क्षेत्रको बारेमा जानकारी प्रदान गदर्छ तसर्थ यहाँ केही सैद्धान्तिक खाका र पूर्व साहित्यको समिक्षा गरिएको छ ।

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

वाग्ले र कार्की (२०५४) का अनुसार “जेहेन्दार विद्यार्थी हुँदाहुँदै पनि गरिबीका कारण पढाइ छोड्नु नपरोस्, पढाइलाई सहयोग होस् भनी नेपाल सरकारले जि.शि.का.बाट प्रदान गर्ने रकमलाई औपचारिक छात्रवृत्ति भनिन्छ भने यस्ता विद्यार्थीहरू नेपाल सरकारले वितरण गरेको छात्रवृत्ति कोटामा नपरेर छात्रवृत्ति नपाए तापनि आर्थिक कारणले पढ्नबाट बञ्चित हुन नपरोस् भनि स्थानिय वा विद्यालय स्तरबाट प्रदान गरिने छात्रवृत्ति अनौपचारिक छात्रवृत्ति हो” ।

नेपालमा नेपाल सरकारले, स्थानीय स्तरबाट सम्बन्धित विद्यालयहरूले, कुनै समयमा अन्तराष्ट्रिय संघ संस्थाले पनि छात्रवृत्ति प्रदान गर्दै आएको पाइन्छ । संस्थागत विद्यालयहरूले पनि कुल विद्यार्थी सङ्ख्याको १०% मा नघटाइ जेहेन्दार, गरिब, दलित तथा अपाङ्गलाई छात्रवृत्ति प्रदान गर्नु पर्छ भनी नियमावलीमा नै उल्लेख गरेको छ । अन्तरिम संविधानमा शिक्षा तथा संस्कृति सम्बन्धी हक अन्तरगत प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै शिक्षामा राज्यको दायित्व अन्तरगत शिक्षामा आरक्षणको व्यवस्था गरि आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग तथा समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ । यसबाट राज्यले छात्रवृत्तिको क्षेत्रमा ध्यान पुऱ्याउन थालेको देखिन्छ ।

शिक्षा प्रदान गर्नु राज्यको दायित्व भनी संविधानमा नै उल्लेख भएपछि लक्षित वर्गलाई शिक्षामा पहुँचको स्थितिसम्म ल्याइपुऱ्याउने दायित्व पनि राज्यको नै हो । दलित, महिला, अल्पसङ्ख्यक आदि लक्षित वर्गलाई शिक्षा लिने अवसर प्रदान गर्न नसक्नुको कारण आर्थिक नै हो भन्न सकिन्छ । तसर्थ राज्यले लिएको नीति कार्यान्वयनका लागि छात्रवृत्ति कार्यक्रम एक प्रमुख आधार हो भन्न सकिन्छ। उल्लेखित लेखमा छात्रवृत्तिलाई बढी प्रोत्साहन दिएको छ। छात्रवृत्ति वितरण कार्यक्रमबाट पनि विद्यालयमा विद्यार्थी भर्ना सहभागितालाई वृद्धि गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छैन, पुनरावलोकनबाट छात्रवृत्तिको माध्यमबाट पनि भर्नादर वृद्धि गर्न सकिन्छ भन्ने कुरा थाहा पाइन्छ, त्यसैले यो अनुसन्धान कार्यमा सहयोगी हुनेछ ।

कार्की, बद्री (२०६९) का अनुसार आधारभूत तहका विद्यार्थीहरूले कक्षा छाड्ने कारणहरू अध्ययनबाट प्राप्त परिणामहरूको विश्लेषा गर्दा अध्ययन क्षेत्रमा परेका विद्यालयका बालबालिकाले कक्षा छोड्ने दर बढी भएको अर्थात् निरन्तर सहभागिता सन्तोषजनक नभएको पाइयो । विद्यालयमा विद्यार्थी भर्नाको तुलनामा कक्षा छोड्ने दर बढी रहेको छ। जसका कारणहरू जनचेतनो कमी, अभिभावक, विद्यार्थी, शिक्षकहरूको जागरूपतामा कमी रहेको, बालमैत्री शिक्षा लगायत कक्षाकोठा व्यवस्थापनमा अभाव रहेको पाइयो भनि कक्षा छोड्ने कारणहरू उल्लेख गरेका छन् ।

उक्त शोधपत्रमा आधारभूत तहका विद्यार्थीहरू बीचैमा कक्षा छोड्ने कारणहरू उल्लेख गरिएको हुनाले आधारभूत तहको शिक्षामा विद्यार्थी सहभागिता शीर्षकमा शोधकार्य अगाडि बढाउन सहयोग गर्नेछ। उल्लेखित शोधपत्रमा विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने कारणहरू बताएको छ तर कक्षा छोड्ने दरलाई न्यूनिकरण गर्न प्रयोग गरिने उपायहरू स्पष्ट रूपमा उल्लेख गरिएको छैन, त्यसैले यस शोधपत्रमा उपायहरू खोजी गरी उल्लेख गरिएको छ ।

CERID (2009) ले गरेका अध्ययन तथा अनुसन्धानहरूले छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको क्षेत्रमा विभिन्न समस्याहरू रहेको कुरा खुलाएका छन्। अधिकांश अनुसन्धानहरूले यसको प्रभावकारितामा यसको कार्यान्वयन पक्षले असर पारेको कुरा उल्लेख गरेका छन् ।

सरकारले छात्रवृत्तिको रूपमा नगद मात्र वितरण नगरी पोशाक पनि वितरण गर्ने गरेको तर वितरीत छात्रवृत्ति वा पोशाक समयमा नै लक्षित समूहसम्म नपुगेकाले प्रभावकारिता कम भएको कुरामाथि उल्लेखित प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ ।

बालबालिकाहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरूले छात्रवृत्तिलाई प्रमुख रूपमा लिइएको कुरामाथि प्रतिवेदनवाट पनि स्पष्ट हुन्छ । छात्रवृत्तिका रूपमा नगद कार्यक्रम मात्र नभएर पोषण कार्यक्रम निःशुल्क पाठ्यपुस्तक कार्यक्रमहरू पनि सञ्चालित छन् । यस्ता कार्यक्रमहरूले विद्यालयमा आएका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न प्रभावकारी भए पनि यस्ता कार्यक्रमले विद्यालयको पहुँच सम्म लक्षित बालबालिकालाई ल्याइपुऱ्याउन प्रत्यक्ष कार्यक्रमहरू सञ्चालन नगरे पनि विभिन्न छात्रवृत्तिहरूको प्रालोभनले बालबालिकहरू विद्यालयमा भर्ना हुने विद्यार्थी सङ्ख्यामा केही मात्रामा वृद्धि भने अवस्था भएको छ ।

उल्लेखित लेखमा छात्रवृत्तिको माध्यमबाट भर्नादर वृद्धि गर्न सकिन्छ, विद्यार्थी विद्यालयमा टिकाउन सकिन्छ त्यसैले यो सहयोगी हुनेछ भन्ने कुरा उल्लेख गरिएको तर भर्नादर वृद्धिका अरू पाटोहरू खोजिएको छैन, यस पुनरावलोकनले आफ्नो अध्ययन क्षेत्रमा परेका विद्यालयको विद्यार्थीको सहभागिता पत्ता लगाई वृद्धि गर्ने उपाय खोज्न सहयोग पुऱ्याउने छ साथै भर्नादर वृद्धिका पाटोहरू खोजिएको छ ।

शिक्षा मन्त्रालय (२०५६), अनुगमन तथा मूल्याङ्कन शाखाले दलित छात्रवृत्तिको प्रभावकारीताकावारेमा एक अध्ययन गरेको थियो। उक्त अध्ययन दलित समुदायको आवश्यकताहरू पहिचान गर्न दलित छात्रवृत्तिको प्रभावकारिताको अध्ययन गर्न र भविष्यमा अपनाउनु पर्ने रणनीति पहिचान गर्न गरिएको थियो। उक्त प्रतिवेदनका अनुसार दलित छात्रवृत्तिको वितरणमा प्रमुख समस्या रहेको कुरा दर्शाएको थियो । ढिलो वितरण गर्ने, कोटा प्रणाली वा आधारमा वितरण गर्ने तथा विद्यार्थीहरूको बारेमा ढिलो मात्र जानकारी प्राप्त हुने जस्ता समस्याहरू औंल्याएको थियो। उक्त प्रतिवेदन अनुसार गा.वि.स. तथा नगरपालिकाहरूमा विद्यालय उमेरका कति बालबालिका समुदायमा छन् भन्ने कुराको यकिन तथ्याङ्क लिनुपर्ने कुरा सुझाएको छ। सम्पूर्ण दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरि शिक्षा लिने अवसर दिन समुदाय विद्यालय तथा जिल्लासँग समन्वय गरी स्थानीय

छात्रवृत्ति कोष स्थापना गरी विद्यालयमसम्म आई नपुगेका दलित बालबालिकाहरूलाई पनि छात्रवृत्ति दिई विद्यालयसम्म आउने वातारण मिलाउनु अत्यावश्यक रहेको कुरा उल्लेख छ। दलित समुदायका लागि छुट्टै कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको कुरा उल्लेख छ।

सञ्चालन गरिएका अधिकांश छात्रवृत्ति कार्यक्रम विद्यालयमा आएका बालबालिकाका सीमित छन्। दलित समुदायका ठूलो सङ्ख्यामा बालबालिका विद्यालयको पहुँचमा नआएकाले छात्रवृत्ति कार्यक्रमले त्यस्ता बालबालिका विद्यालयसम्म आउने वातावरण सृजना गर्नु पनि हुन्छ।

छात्रवृत्ति समावेशी रूपमा प्रदान गरी बालबालिकाहरू विद्यालयसम्म आउने वातावरण सिर्जना गर्ने बताएको छ तर विद्यालय आएका विद्यार्थीहरूलाई टिकाइ राख्न के गर्नुपर्छ त्यो उल्लेख गरिएको छैन, यस अनुसन्धानमा उक्त कुरा खोजी गरिएको छ, त्यसैले यो सहयोगी हुनेछ।

रेग्मी, ढकाल र दीक्षित (२०५३) का अनुसार देश भरका प्राथमिक तहमा अध्ययनरत छात्राहरूलाई कोटाको आधारमा छात्रवृत्ति वितरण गरिन्छ। महिला शिक्षाका लागि गरिएका प्रयासहरूको पहिचान र उपयोगिता हेर्न गरिएको उक्त अध्ययनका अनुसार छोरालाइ विद्यालय पढाउन तयार हुने अभिभावक छोरीलाई भने गरिबीको कारण देखाई विद्यालय पठाउँदैनन्। छोरीलाई पनि विद्यालयमा पढ्न पठाइ छोरा सरह शिक्षा दिलाउन समान अवसर प्राप्त होस् भन्ने अभिभावकलाई उत्प्रेरणा होस् भनी नेपाल सरकारले यस किसिमको कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ। छात्रवृत्ति देशभरका आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएका गरिब तथा जेहेन्दार छात्राहरूलाई यस किसिमको छात्रवृत्तिको कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ (रेग्मी, ढकाल र दीक्षित, २०५३)।

यहाँ छोराछोरीलाई भेदभाव गर्ने भएकोले छोरालाई भन्दा छोरीलाई बढी घरमै राख्ने स्कुल नपठाउने भएकोले जेहेन्दार र छात्रालाई बढी छात्रवृत्ति प्रदान गरिने उल्लेख गरिएको छ। छात्रवृत्तिलाई मात्र प्रोत्साहन दिएको छ, अरू शिक्षामूलक कार्यक्रमहरूबाट पनि भेदभावलाई अन्त्य गरी समावेशी शिक्षा प्रदान गर्न सकिन्छ भन्ने कुराको खोजी गरिएको छ।

अधिकारी र ओभ्रा *(वि.स.,२०६१)* ले *विद्यालय उमेरका वालवालिकाले वीचैमा विद्यालय छोडने कारण एक अध्ययन*मा पाल्पा जिल्लाको विद्यालय उमेरका बालबालिकाको विद्यालयबाट शिक्षा पुरा नगरी बिचैमा छोडने अवस्थाको वारेमा शोधकर्ताले शिक्षा पुरा नगरी बिचैमा छोडनुको अवस्था पहिचान गरी कारण पत्ता लगाउनको लागि गर्नु भएको अध्ययनमा शिक्षा पुरा नगरी बिचैमा छोडने अवस्था वढ्दोक्रममा रहेको निष्कर्ष निकाल्नु भएको छ । शिक्षा पुरा नगरी बिचैमा छोडनुको वढदो अवस्थालाई सुधार गर्नको लागि स्थानिय तहवाट नै वास्तविक आवश्यकता पहिचान गरी निराकरण गर्नुपर्ने यसको लागि शैक्षिक क्षेत्रको सवै निकायहरु साथै प्रशासनिक निकाय, व्यवस्थापकिय क्षेत्र, शैक्षिक योजनाकार, राजनीतिक आदिवाट तिव्रताका साथ प्रभावकारी रुपमा अगाडी वढाउदै लैंजानुपर्ने जस्ता सुझाव शोधकर्ताको रहेको छ ।

उपाध्याय (२०६२) ले माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता एक अध्ययन शीर्षकमा लेखिएको शोधपत्रमा दैलेख जिल्लाको माध्यमिक तहमा छात्राको अवस्था पहिचान गर्ने, छात्रा न्यून रहनुको कारण पत्ता लगाउन तथा सहभागिता बढाउने उपाय पत्ता लगाउने जस्ता उद्देश्यलाई समेटी शोधकर्ताले अध्ययनबाट प्राप्त स्रोतको आधारमा छात्रको तुलनामा छात्राको सङ्ख्या न्यून रहेको भए पनि छात्रा सहभागिताको अवस्था वर्षेनी रूपमा वढदो अवस्थामा रहेको देखाएको छ । तुलनात्मक रूपमा न्यून रहनुमा छात्राहरूमा, महिला चेतनाको कमी, लैङ्गिक विभेद, आर्थिक अवस्थामा कमी हुनु, घरधन्दामा बढी संलग्न रहनु, राष्ट्रिय तथा सामाजिक असुरक्षा जस्ता कारक तत्वहरू रहेको उल्लेख गर्नु भएको छ भने आर्दश राज्य निर्माणको लागि महिलालाई शिक्षा -प्लेटो लैङ्गिक सचेतना, रोजगारीमा अवसर र राजनीतिमा सहभागिता बढाउनुपर्ने जस्ता सुझाव दिएको पाइन्छ । माध्यमिक तहमा छात्राहरूको सहभागितालाई अझ वृद्धि गरी सवल र सक्षम बनाउनको लागि हामी सबैको भूमिका हुनुपर्ने कुरा प्रष्ट्याउन चाहन्छु ।

लुइँटेल (२०६९) ले साक्षरता कार्यक्रममा महिलाहरूको सहभागितामा अनौपचारिक साक्षरता शिक्षा कार्यक्रमले १५-६० वर्षका महिला तथा पुरुषलाई मात्र नभई सोभन्दा घटी उमेरका व्यक्तिलाई पनि कहिलेकाही सानो सङ्ख्यामा राख्ने गरेको पाइयो । कार्यक्रम सञ्चालन गरेको सुरुका दिनमा कतिपय केन्द्रमा लक्ष्यभन्दा बढी नै प्रौढहरूले सहभागिता

रहेको पाइयो । अनौपचारिक साक्षरता अभियानलाई व्यापक प्रचार प्रसारका साथ सञ्चालन गरिनु पर्नेमा औपचारिकता मात्र निभाएको पाइयो ।

प्रौढ साक्षरता साथ सञ्चालन गर्ने स्थानमा साक्षरता अभियान समिति बनाई व्यापक रूपमा कसरी यस अभियानलाई सफल पार्न सकिन्छ भन्ने तर्फ सोच्नु व्यापक रूपमा कसरी यस अभियानलाई सफल पार्न सकिन्छ भन्ने तर्फ सोच्नु भन्दा पनि औपचारिकतामा मात्र साक्षरता अभियान समिति गठन भएको देखिन्छ । साक्षरता अभियान समितिमा बसेका कतिपय पदाधिकारीहरूले आफ्नो जिम्मेवारी नबुझेका र बुझेकाहरूले पनि यसको व्यवस्थापनतर्फ खासै चासो नदेखिएको पाइयो । दैनिक पढाई २ घण्टा हुनुपर्नेमा ७०% मात्र उपयोग भएको पाइयो । महिलाको नियमित सहभागितालाई हेर्दा केवल १२% मात्र उपस्थिति देखियो । त्यसैगरी उपस्थित भएको दिनमा पनि कम समय मात्र पठनपाठनमा सरिह हुने गरेको पाइयो । साक्षरता शिक्षा कार्यक्रममा महिलाहरूको सहभागिताले ९० प्रतिशतभन्दा बढी स्थान ओगटेको र महिलाहरूले सहयोगी कार्यकर्तामा १००% स्थान ओगटेको छ भनी उल्लेख गरेकी छिन् ।

साक्षरता प्रतिशतलाई वृद्धि गर्दै सबैलाई साक्षर बनाउने उद्देश्यले, साक्षरता कार्यक्रम लागु भए तापनि उद्देश्यमा पुगेको छैन । विभिन्न समस्याहरू बताएको छ तर समस्याको समाधान उपायहरूको खोजी गरिएको छैन । यस अध्ययनमा पत्ता लगाएका समस्याको समाधान पनि खोजिएको छ ।

कर्ण (२०७२) ले *माध्यमिक शिक्षामा बालबालिकाको सहभागिता*मा अध्ययनबाट प्राप्त परिणामहरूको विश्लेषण गर्दा अध्ययन क्षेत्रका बालबालिकाहरूको सामुदायिक माध्यमिक शिक्षामा सहभागिता ह्रास हुँदै गएको पाइन्छ अर्थात् सहभागिता सन्तोषजनक रहेको पाइँदैन । विद्यालय भर्नाको तुलनामा बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढी रहेको पाइन्छ । विद्यालयमा बालबालिकाहरूको उपस्थितिमा नियमितताको कमीका साथै सामुदायिक विद्यालयप्रतिको नकारात्मक सोचमा वृद्धि, शैक्षिक जागरको कमी रहेको पनि पाइएको छ भनी उल्लेख गरेका छन् ।

यस पुनरावलोकनले आफ्नो अध्ययन क्षेत्रको नमूना छनौटमा परेका सामुदायिक आधारभूत तहका विद्यालयहरूमा आदिवासी, जनजाति, आर्थिक तथा सामाजिक रूपमा पछि

परेका वर्गका बालबालिकाको आर्थिक, सामाजिक, पारिवारिक तथा सांस्कृतिक कारणको प्रभावले न्यून उपस्थितिलाई अभिवृद्धि गर्ने उपायको खोजीमा सहयोग गर्नेछ ।

यसरी उपयुक्त अध्ययनहरूलाइ संक्षेपमा हेर्दा दलित तथा पिछडिएका वर्गको शिक्षामा छात्रवृत्ति कार्यक्रमको भूमिका राम्रो देखिन्छ। विशेष गरी यस्ता विभिन्न अध्ययनहरूले के देखाएको छ भने बालबालिकाको परिवार आर्थिक अवस्था, सामाजिक अवस्था र अभिभावकको चेतना स्तर आदि कुराहरूले बालबालिकाको विद्यालय शिक्षामा पहुँच अवस्था निर्धारण गरिरहेको देखिन्छ। यसलाई छात्रवृत्ति कार्यक्रमले केही हदसम्म निरुत्साहित गरेको छ किनभने छात्रवृत्तिले गर्दा दलित तथा पिछडिएका वर्ग एवम् गरिब छात्रछात्राहरूलाई विद्यालयमा नियमित गराइ राख्न र पढाइमा पनि सहयोग गरेको पाइन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउनका लागि कुनै न कुनै सर्वस्वीकार्य आधारको तथ्य एवम् सिद्धान्तको आवश्यकता पर्दछ जसको अध्ययन अनुसन्धानको विषयलाई नयाँ संरचनागत स्वरूपमा ढाल्न मद्दत गर्दछ भन्ने त्यसलाई सैद्धान्तिक खाका भनिन्छ। यसले विषय र सिद्धान्त बीचको सम्बन्ध विकास गराउँछ। साथै यसले पूर्ण मान्यतालाई अनुसन्धानसँग सम्बन्धित गराउँछ ।

पाउलो फ्रेरे (सन् १९६७) को उत्पीडनका लागि शिक्षालाई यस अध्ययनको सैद्धान्तिक खाकाको रूपमा लिइएको छ। उनले प्रकाशन गरेको पुस्तक 'उत्पीडनका लागि शिक्षा'मा शिक्षा उर्तपिडनको सृजना हो भनेका छन्। अहिलेको शिक्षाले उत्पीडनको हित गर्दैन, तिनीहरूलाई शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्नु पदर्छ भन्ने कुरा उल्लेख गरेका छन्। उनले आफ्नो पुस्तकमा छात्रवृत्तिले सहयोग गरेका कारणले गर्दा गरिब तथा जेहेन्दार बालबलिकाले आर्थिक कारणले पढ्नबाट बन्देज हुन नपरेको कुरा उल्लेख छ ।

उनका अनुसार उत्पीडनलाई उकास्ने अनेक तरिका हुन्छन् र तिनीहरूलाई समान अवसर दिनु पर्दछ। उनीहरूलाई आर्थिक, राजनैतिक, सामाजिक, मानसिक, सांस्कृतिक रूपले सचेत बनाउन शिक्षाको आवश्यकता पर्दछ। शिक्षाबाट बञ्चित हुन नदिन गरिब तथा जेहेन्दारलाई छात्रवृत्ति दिएर शिक्षा लिनबाट बञ्चित हुन नदिए शिक्षा प्राप्तिको समान

अवसर प्राप्त हुन सक्छ । शिक्षा भनेको शक्ति हो जसबाट नै उनिहरूमा परिवर्तन आउँछ । प्रत्येक बालबालिकाहरूको अन्तरनिहीत प्रतिभा, रुचि र आकांक्षालाई उकास्न र सघाउ पुऱ्याउन शैक्षिक वातावरणको सृजना गर्नुपर्दछ ।

पाउलो फ्रेरेले आफ्नो पुस्तकमा उल्लेख गरे अनुसार मानव उत्पीडित छ, हिंसाको शिकार भएको छ । अधिकांश हिंसा बलियोबाट भएको छ त्यसैले हिंसाबाट बच्न बलियो वनाउन आवश्यक हुन्छ । बलियो बनाउने तरिका शिक्षाले प्रदान गर्दछ । आर्थिक कारणले पढ्नबाट बञ्चित हुने बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा एकातिर पढ्नका लागि आवश्यक शैक्षिक सामग्री प्राप्त गर्दछन् भने अर्कोतिर पढ्न उत्प्रेरीत भई ज्ञान हासिल गरेपछि बलियो बन्दछन् ।

मुक्तिका लागि शक्ति चाहिन्छ र शक्तिबाट नै परिवर्तन आउँछ भनेर पाउलो फ्रेरेले भनेझैं गरिब तथा जेहेन्दार छात्रवृत्तिले गर्दा पढ्नको लागि आर्थिक सहयोग गर्नुका साथै पढ्ने उत्प्रेरणा पाएर पढ्न उत्प्रेरित हुन्छन् अर्थात् छात्रवृत्तिले उनिहरूलाई सम्वलन प्रदान गर्दछ । पढेर ज्ञान प्राप्त गरेपछि उनिहरूको व्यवहारमा पढ्ने लेख्ने भावनाको विकास भएर बौद्धिक शक्ति प्राप्त गर्दछन् र त्यसबाट नै परिवर्तन आउँछ ।

यस अध्ययनमा थर्नडाइडको प्रभाव र यस अध्ययनको सहायक सिद्धान्तको रूपमा लिइएको छ । प्रभावको नियमले कुनै उद्धिपकप्रति प्राणीले प्रतिक्रिया गरे पश्चात त्यसबाट उसले प्राप्त गर्ने सुखद वा दुःखत अनुभूतिलाई जनाउँछ । प्राणीले सुखद वा आनन्द प्राप्त गरेमा त्यो काम पूर्ण गर्न चाहन्छ । त्यसको विपरीत दुःखत अनुभूति भएमा त्यो प्रक्रिया गर्न छाड्छ भनेर थर्नडाइडको प्रभाव वा असरको नियमले भनेजस्तो प्राथमिक तहमा गरिब तथा जेहेन्दार छात्रवृत्ति वितरणले पनि त्यस्तै प्रभावपारि बालबालिकाहरूको भर्ना सङ्ख्यामा वृद्धि, नियमितता, उत्तीर्णदर वृद्धि, लगनशीलतामा वृद्धि गर्दछ ।

सकारात्मक समलम्वनले व्यक्तिलाई सुखद अनुभूति प्रदान गर्ने हुँदा निरन्तरता दिन मद्दत गरेको हुन्छ । नकारात्मक अबलम्वनले दुःखद अनुभूति प्रदान गर्ने हुँदा व्यक्ति त्यसबाट उम्कन चाहन्छ । त्यसकारण बालबालिकाहरूलाई छात्रवृत्तिले सकारात्मक अबलम्वन गराई सुखद अनुभूति प्रदान गर्ने हुँदा बालबालिका अनुशासित हुने, नियमित विद्यालय आउने, पढाईप्रति लगनशील हुने क्रियाकलापमा वृद्धि हुन्छ ।

पाउलो फ्रेरेको चिन्तनलाई छात्रवृत्तिको प्रयोगको सन्दर्भमा अर्थ्याउँदा के देखिन्छ भने समाजमा उत्पीडित र उत्पीडक छन् । उत्पीडकले उत्पीडितलाई शोषण गरिरहेको हुन्छ । उत्पीडितलाई उत्पीडकबाट मुक्त बनाउनको लागि शिक्षाको आवश्यकता पर्दछ । उनीहरू विभिन्न कठिनाईहरूले गर्दा शिक्षा लिनबाट वञ्चित भएका हुन्छन् । त्यसमध्ये प्रमुख कठिनाई आर्थिक नै हो । शिक्षा प्रदान गर्नकोलागि उनीहरूलाई अवसर दिनु पर्दछ । जेहेन्दार भएता पनि आर्थिक कठिनाईले गर्दा बञ्चित भएका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गर्दा उनिहरूले पढ्न अवसर प्राप्त गरेर शिक्षा प्राप्त गरी आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक आदि रूपले सचेत भएर हरेक किसिमले द्वन्द्व गरी क्रान्तिको माध्यमबाट मुक्ति प्राप्त गर्दछ ।

उता थर्नडाइको चिन्तनलाई छात्रवृत्तिको प्रयोगमा हेर्दा छात्रवृत्ति कार्यक्रमले सकारात्मक समलम्वन दिई सुखद अनुभूति भई बालबालिकामा अध्ययनप्रति सकारात्मक चिन्तनको विकास गर्दछ । उता स्किनरको चिन्तनलाई हेर्ने हो भने अपेक्षित व्यवहार देखाएपछि त्यसवापत दिइने वस्तुलाई समलम्वन भने जस्तै प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकालाई पनि उत्प्रेरित गर्न र बानीमा परिवर्तन गर्न राम्रोसँग पढ्ने, लेख्ने, नियमित उपस्थित हुने, अनुशासित भई कार्य गरे वापत दिइने समलम्वनको रूपमा छात्रवृत्ति प्रदान गरिएको हो ।

यसरी पाउलो फ्रेरेको 'उत्पीडनका लागि शिक्षा' यस अध्ययनको प्रमुख आधारशिलाको रूपमा रहेको छ भने अन्य थर्नडाइड र स्किनरको सिद्धान्तहरू सहायक आधारशिलाका रूपमा रहने छन् ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, नीतिनियम, निर्देशिका समेतको अध्ययन गरी यो अध्ययन अनुसन्धान पूरा गरिएको छ । यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि पुनरावलोकन गरिएका साहित्यबाट सामुदायिक विद्यालयमा समुदायभित्रका बालबालिकाको सहभागिताको अवस्था न्यून हुने सङ्केत स्पष्ट देखिन्छ । विभिन्न जातजाति एवम् वर्गको समेत शैक्षिक सहभागिता फरक रहेको देखिन्छ ।

समुदायमा रहेका सबै जाति वर्गका बालबालिकाको आधारभूत शिक्षामा समान रूपले सहभागिता एवम् शैक्षिक उपलब्धि वृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायहरूबारे समेत पुनरावलोकन गरिएका साहित्यबाट जानकारी हुनेछ र विद्यार्थी भर्नादर वृद्धि गरी विद्यार्थी विद्यालयमा टिकाई राख्न शैक्षिक उपलब्धि वृद्धि गर्न, समावेशी रूपमा शिक्षा दिन विभिन्न उपायहरूको खोजी गर्न सहयोग गर्नेछ ।

शिक्षा लिन पाउनु बालबालिकाको अधिकार हो । कुनै पनि कारणले शिक्षा लिनबाट बन्चित हुन हुँदैन । आर्थिक कारणले शिक्षा लिनबाट बन्चित बालबालिकालाई छात्रवृत्ति कार्यक्रमले शिक्षा प्राप्तिका लागि सहयोग गर्नु पर्छ । उक्त छात्रवृत्ति कार्यक्रमको वर्तमान स्थितिको जानकारी लिन यो अध्ययन सहयोगी हुनेछ ।

छात्रवृत्ति कार्यक्रम विशेष गरी प्राथमिक तहमा बढी प्राथमिकताका साथ लागू गरिएको छ । नेपालमा प्राथमिक तहको शिक्षा सबैलाई दिलाउने लक्ष्य अनुरूप आर्थिक अभावबाट शिक्षालिनबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्य अनुरूप यो कार्यक्रम सञ्चालित छ । यसरी सञ्चालित कार्यक्रमले शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई लेखाजोखा गर्न यो अध्ययनले सहयोग पुऱ्याउने छ ।

सञ्चालन गरिएको कार्यक्रम लक्षित वर्गसम्म पुगेको छ, छैन ?, कार्यक्रम समयमा नै सञ्चालित छ, छैन ?, छात्रवृत्ति कार्यक्रम जुन प्रयोजनका लागि सञ्चालन गरिएको हो उक्त प्रयोजन विपरीत रकम खर्च भएको छ, छैन ? आदि समग्र छात्रवृत्तिको वर्तमान स्थितिको अध्ययन गरिने हुँदा यस अध्ययनले छात्रवृत्ति कार्यक्रम समयमा नै सञ्चालन गर्न, लक्षित वर्गसम्म पुऱ्याउन र सहि प्रयोग गर्न सम्बन्धित सबैलाई यस अध्ययनले घच्घच्याई शैक्षिक प्रभावकारिता बढाउन समेत मद्दत गर्नेछ ।

उल्लेखित शोधपत्र, लेख आदि अध्ययन पश्चात् अध्ययन अनुसन्धान गर्नका लागि निर्माण गर्न सहयोग पुऱ्याउने छ । विषयवस्तु छनोट गर्न आवश्यक प्रश्नावली बनाउन सहयोग गर्नेछ, नतिजाको विश्लेषण, छलफल व्याख्या गर्न, सैद्धान्तिक खाका तयार पार्न र सुझाव, निष्कर्ष दिन सहयोग पुऱ्याउनेछ ।

छात्रवृत्ति साथै भर्नादर सहभागिता, नियमितता समावेशी आदि कुरालाई प्राथमिकता दिई प्रभावकारिता हटाउनु पर्छ भन्ने धारणामा समेत मद्दत गर्नेछ। समग्रमा व्यक्ति, परिवार, विद्यालय, शिक्षक, विद्यार्थी आदि सम्पूर्णलाई शिक्षाप्रति चासो राख्ने बनाई, सबैलाई समान रूपले अधिकार प्रदान गरी शिक्षा लिन सही वातावरण उपलब्ध गराई आएका कमी कमजोरीलाई समाधान गर्दै, सबैलाई शिक्षित बनाई साक्षरता प्रतिशत, भर्नादर वृद्धि, व्यक्ति, समाज र राष्ट्रको विकास गर्न सहयोग पुऱ्याउन सकोस् भन्ने उद्देश्यले यो शोधकार्य तयार पारिएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानको उद्देश्य प्राप्तिका लागि प्रयोग गरिने उपायहरू, तरिका र विधिहरू नै अध्ययन विधि हो । जुन अध्ययन अनुसन्धानलाई उद्देश्य प्राप्तिसम्म पुऱ्याउन र उद्देश्य हातमा पार्न विधिले महत्त्वपूर्ण भूमिका खेल्छ । विधि अनिवार्य रूपमा अत्यावश्यक भएकाले यस अध्ययन अनुसन्धानमा उद्देश्य सम्पन्न गर्नका लागि यस प्रकारका विधिहरू अपनाइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानका उद्देश्य पूरा गर्नका लागि निम्न ढाँचाको प्रयोग गरिएको छ । प्र.अ., शिक्षक, वि.व्य.स., विद्यार्थीहरूसँग छलफल अन्तर्वार्ता तथा प्रश्नावली प्रयोग गरी प्राप्त भएको तथ्यहरू, घटनाहरू तथा समस्याहरूलाई व्याख्या विश्लेषण गरिएको छ । जुन गुणात्मक रूपमा रहेको छ। फारमबाट विद्यालय अभिलेखबाट फ्लासबाट प्राप्त भएका तथ्याङ्क, परिमाणहरूलाई परिमाणात्मक रूपमा सङ्ख्यामा आधारित गरी व्याख्या विश्लेषण गरिएको छ । त्यसका जुन शोधकार्य परिमाणात्मक र गुणात्मक दुवै ढाँचामा प्रयोग गरी मिश्रित गरिएको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनोट

यस शोधपत्रमा झापा जिल्लाको दुधे स्रोतेकन्द्र अन्तर्गत पाँचओटा सामुदायिक विद्यालयहरूका प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू, वि.व्य.स. अध्यक्षहरू जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.२.१ नमुनाको आकार

अनुसन्धान, अध्ययन कार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि झापा जिल्ला दुधे स्रोतकेन्द्रका ३६ वटा विद्यालयहरूमध्ये ५ ओटा विद्यालय राष्ट्रिय रमणीय मा.वि., झिलझिले मा.वि., सहिद भिमनारायण मा.वि., बालनिकुञ्ज मा.वि. र भगवती मा.वि. अन्तर्गतका प्र.अ., ५ जना शिक्षक, १० जना विद्यार्थीहरू, १५ जना अभिभावकहरू, १० जनाका दरले लिइएको छ ।

### ३.२.२ नमुना छनौट विधि

झापा जिल्लाभित्रका १७ स्रोतकेन्द्रमध्ये दुधे स्रोतकेन्द्रलाई नमुना जनसङ्ख्याका लागि र नमुना जनसङ्ख्याभित्रका प्र.अ., वि.व्य.स. र अध्यक्ष नमुना छनोट विधिबाट विद्यार्थी, शिक्षक र विद्यालय छनोट गर्दा सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ । गरिएको नमुना छनोट विवरण तालिकाको रूपमा समेत देखाइएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क स्रोतलाई प्राथमिक र द्वितीयक गरी दुई भागमा विभाजन गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

यसमा नमुना छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी र अभिभावकहरूलाई प्रश्नावली बनाई दिएर भर्न लगाइएको छ । त्यसैगरी विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स., अध्यक्षहरूसँग अन्तर्वार्ता लिई सूचना सङ्कलन गरिएको छ । त्यसैले प्राथमिक तथ्य तथ्याङ्क सङ्कलनका लागि छलफल, अवलोकन, अन्तर्वार्ता प्रश्नावली आदिलाई प्राथमिक स्रोतको रूपमा ल्याइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

सहायक स्रोतका रूपमा विद्यालय अवलोकन फारम, भर्ना अभिलेख, लब्धाङ्क पत्र, शोधपत्र, लेख रचना, अध्ययनसँग सम्बन्धित लिइएको छ । विद्यार्थी विवरण हाजिरी, विद्यालयका शैक्षिक तथ्याङ्कहरू सहायक स्रोतका रूपमा लिइएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यो अनुसन्धान कार्यलाई उद्देश्यपूर्ण बनाउनका लागि विभिन्न प्रकारका साधनहरू प्रयोग गर्नुपर्ने भएको कारणले यस अध्ययनमा यसप्रकारका स्रोत तथा साधनहरू प्रयोग गरिएको छ :

**क) प्रश्नावली**

नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अध्यक्ष, शिक्षक, विद्यार्थी, अभिभावकबाट खुल्ला तथा बन्द प्रश्नावली विधिबाट तथ्याङ्क प्राप्त गरी त्यसलाई व्याख्या विश्लेषण गरी प्रश्नावलीहरू अनुसूचीमा समावेश गरिएको छ ।

**ख) छलफल/अन्तर्वार्ता**

अभिभावकहरू, विद्यार्थीहरू लगायत सरोकारवालाहरूसँग सामुहिक र व्यक्तिगत रूपमा संरचित बन्द र असंरचित अन्तर्वार्ता र छलफल गरी प्राप्त तथ्याङ्क, सूचनालाई व्याख्या, विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका विद्यालयका असंरक्षित अन्तर्वार्ताको माध्यमबाट आधारभूत शिक्षामा विद्यार्थीहरूको सहभागिता पत्ता लगाएको छ । अन्तर्वार्ताका माध्यमबाट थप जानकारी लिइएको छ ।

**ग) विद्यालय फारम**

छनोटमा परेका विद्यालयहरूमा वर्तमान र विगतका वर्षका विद्यार्थी भर्ना सहभागिता, विद्यार्थीले कक्षा दोहोर्‍याउनेको अवस्था, कक्षा छाड्नेको (अवस्था) बुझ्नका लागि तथ्याङ्क प्राप्त गर्नका लागि विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको छ । विद्यालय अभिलेखको अध्ययन विद्यालयमा राखिएको विभिन्न अभिलेख खोजी गरी अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्य तथ्याङ्क सङ्कलन गर्नका लागि छनोट गरिएका विद्यालयमा आफैं उपस्थित भएर प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकहरूसँग सम्पर्क गरी छलफल, प्रश्नावली, अन्तर्वार्ताका माध्यमबाट गरिएको छ । जसमा प्राथमिक स्रोत र सहायक स्रोतहरू समावेश छन् । प्राथमिकतर्फ, प्रत्यक्ष सरोकारवालाहरूसँग, भेटघाट, छलफल, प्रश्नावली, अन्तर्वार्ता आदिका माध्यमबाट गरिएको छ भने सहायकतर्फ विद्यालयमा रहेका गतवर्षका रेकर्डहरू, लिखित दस्तावेजहरू, उक्त विद्यालयहरूमा भएका पुराना अभिलेख, जनसङ्ख्याहरूबाट लिएका राय, तथ्य तथ्याङ्कहरू एवम् विचार विमर्सको व्याख्या तथा विश्लेषण गरी निष्कर्षमा पुग्ने अथक प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलन गरेका तथ्यसत्य तथ्याङ्कहरू व्याख्या विश्लेषणका क्रममा, आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको छ। प्रश्नावली, छलफल, अभिलेख, अन्तर्वार्ता, अवलोकन तथा अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई आवश्यकता अनुसार व्याख्या, विश्लेषण तालिकीकरण शाब्दिक तथा चित्रात्मक, प्रतिशत आदि तरिका अनुसार शाब्दिक वा अङ्कका रूपमा मिश्रित विधि प्रयोग गरी व्याख्या विश्लेषण गरेर, अनुसन्धानात्मक प्रश्नहरूको उत्तर पत्ता लगाइएको छ र निष्कर्ष निकालिएको छ। जुन निकालिएको निष्कर्षमा आधारित भई सरोकारवालाहरूलाई आवश्यक सल्लाह तथा सुझाव दिइएको छ ।

# परिच्छेद : चार

## नतिजाको छलफल व्याख्या

### ४.१ आधारभूत शिक्षामा विद्यार्थी सहभागिताको अवस्था

नमुना छनौटमा परेका सामुदायिक विद्यालयहरूको आधारभूत तहको शैक्षिक सत्र २०७१, २०७२ र २०७३ को विद्यार्थीको विद्यालयमा भर्नाको तथ्याङ्क विद्यालयगत रूपमा तथा एकीकृत गरी प्रस्तुत गरिएको छ। शैक्षित्र सत्र २०७३ को विद्यालयगत रूपमा तथा एकिकृत रूपमा समेत कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ। शैक्षिक सत्र २०७१, २०७२ र २०७३ को विद्यार्थी भर्नाको अवस्थाको विश्लेषण गरी विद्यार्थीको सहभागिता अवस्थामा भएको परिवर्तन (कमी वा वृद्धि) लाई सङ्ख्यात्मक र व्याख्यात्मक रूपमा समावेश गरिएको छ।

### ४.१.१ विद्यार्थीको विद्यालय भर्ना अवस्था

विद्यालयहरूमा विद्यार्थीको भर्ना अवस्था यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १ : शैक्षिक सत्र २०७१-२०७३ सम्मको विद्यार्थी भर्ना अवस्था


| विद्यालय | वि.सं. | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा |
| राष्ट्रिय र. मा.वि. | २०७१ | ४३ | ४३ | ८६ | ३९ | २६ | ६५ | ४१ | २७ | ६८ | २१९ |
| | २०७२ | ३६ | ३१ | ६७ | १९ | २७ | ४६ | २९ | २६ | ५५ | १६८ |
| | २०७३ | ३८ | ३२ | ७० | १८ | २९ | ४७ | ३२ | ३१ | ६३ | १८० |
| झलझिले मा.वि. | २०७१ | ४० | ३२ | ७२ | ३१ | २८ | ५९ | २६ | १८ | ४४ | १७५ |
| | २०७२ | ३६ | २८ | ६४ | ३३ | २१ | ५४ | २९ | १६ | ४५ | १६३ |
| | २०७३ | ३३ | २२ | ५५ | २१ | १९ | ४० | १९ | १७ | ३६ | १३१ |
| सहिद भि.ना. मा.वि. | २०७१ | ७ | ५ | १२ | ९ | १६ | २५ | ११ | ७ | १८ | ५५ |
| | २०७२ | १२ | ९ | २१ | १७ | १३ | ३० | १० | ७ | १७ | ६८ |
| | २०७३ | ११ | १६ | २७ | १४ | १५ | २९ | १२ | ९ | २१ | ७७ |
| बालनिकुञ्ज मा.वि. | २०७१ | ३६ | ४६ | ८२ | ३३ | ३९ | ७२ | २५ | १६ | ४१ | १९५ |
| | २०७२ | ३८ | ४० | ७८ | ३६ | २९ | ६५ | २७ | १८ | ४५ | १८८ |
| | २०७३ | ४१ | ३८ | ७९ | ३२ | २६ | ५८ | २९ | ३१ | ६० | १९७ |
| भगवती मा.वि. | २०७१ | ७ | ११ | १८ | १० | १६ | २६ | ८ | ११ | १९ | ६३ |
| | २०७२ | ११ | ९ | २० | ९ | ८ | १७ | ९ | १३ | २२ | ५९ |
| | २०७३ | ८ | १२ | २० | १३ | १४ | २७ | १० | ९ | १९ | ६६ |
| कुल | २०७१ | १३३ | १३७ | २६० | १२२ | १२५ | २४६ | १११ | ७८ | १८९ | ७०६ |
| | २०७२ | १३३ | ११७ | २५० | ११४ | ९८ | २१२ | १०४ | ८० | १८४ | ६४६ |
| | २०७३ | १३१ | १२० | २५१ | ९८ | १०३ | २०१ | १०२ | ९७ | १९९ | ६५१ |
| औसत | २०७१ | २६.६ | २७.२ | ५२ | २४.७ | २५ | ४९.२ | २२.२ | १५.६ | ३७.८ | १४१.२ |
| | २०७२ | २६.६ | २३.४ | ५० | २२.८ | १९.६ | ४२.४ | २०.८ | १६ | ३६.८ | १२९.२ |
| | २०७३ | २६.२ | २४ | ५०.२ | १९.६ | २०.६ | ४०.२ | २०.४ | १९.४ | ३९.८ | १३०.२ |

*स्रोत: विद्यालय अभिलेख २०७१, २०७२, २०७३*

उक्त तालिको तथ्याङ्कलाई औसतमा हेर्दाखेरी राष्ट्रिय रमणीय मा.वि.मा औषतभन्दा बढी नै छ, दोस्रो वर्षमा घटेको र तेस्रो वर्षमा बढेको छ। भगवती मा.वि.मा औषतभन्दा विद्यार्थी भर्ना सङ्ख्या धेरै कम छ। झिलझिले मा.वि.मा औषत अनुसार विद्यार्थी सङख्या बढी भए तापनि हास्रोन्मुख अवस्थामा छ। त्यसैगरी सहिद भीम नारायण मा.वि.मा विद्यार्थी भर्ना बढे तापनि औषतका तुलनामा कम छ। त्यस्तै बालनिकुञ्ज मा.वि.मा दोस्रो वर्षमा घटेको र तेस्रो वर्षमा फेरि बढेको देखिन्छ।

उक्त तथ्याङ्कलाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ।

चित्र नं. १ : शैक्षिक सत्र २०७१-२०७३ सम्मको विद्यार्थी भर्ना अवस्था




माथिको तथ्याङ्क तथा चित्रबाट २०७३ र विगत २ वर्षका नमूना क्षेत्रभित्रका छनोटमा परेका विद्यालयहरूको समष्टिगत रूपमा विद्यालयमा विद्यार्थीको भर्नाको अवस्थालाई समग्रमा विश्लेषण गर्दा दोस्रो वर्ष २०७२ मा ८.९९ प्रतिशतले ह्रास भएको र फेरी २०७३ मा ०.७७ प्रतिशतले वृद्धि भएको देखिन्छ। विद्यालयमा विद्यार्थी भर्ना घट्नुको कारण अभिभावकले आफ्नो बच्चालाई बढी ध्यान नदिएर, जनचेतनाको अभावले विद्यार्थी सङ्ख्या कम रहेको पाइयो। त्यसैले विद्यार्थी भर्ना सहभागितामा वृद्धि गर्नका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी अभिभावकलाई आफ्नो बालबच्चाप्रति ध्यान केन्द्रित गराउन सकिन्छ।


तालिका नं. २ : जातिगत तथा अपाङ्ग विद्यार्थीको विवरण

| | शै.स | जम्मा | जनजाति | दलित | अपाङ्ग | अन्य | |
|---|---|---|---|---|---|---|---|
| जम्मा | २०७१ | ७०६ | २६२ | ३७ | ६ | ४०१ | |
| | २०७२ | ६४६ | २५४ | २७ | ४ | ३६१ | |
| | २०७३ | ६५१ | २५४ | ३० | ५ | ३६२ | |
| | कुल | २००३ | ७७० | ९४ | १५ | ११२४ | |
| | औषत | | ३८.४४% | ४.६९% | ०.७४% | ५६.११% | |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

अनुसूची ७ मा उल्लेखित तालिका अनुसार विश्लेषण गर्दा २०७१ मा भन्दा २०७२ मा विद्यार्थी सङ्ख्या घटेको र २०७३ मा फेरि बढेको देखिन्छ। प्रत्येक वर्ष सबैभन्दा बढी विद्यार्थी सङ्ख्या अन्यको रहेको छ। सबैभन्दा कम अपाङ्गको रहेको छ। दलित र जनजातिको पनि २०७१ सालमा भन्दा २०७२ मा घटेको र २०७३ सालमा फेरी बढेको देखिन्छ, जातिगत रूपमा हेर्दा विद्यालयमा विद्यार्थी भर्ना समावेशी रूपमा देखिँदैन। तीन वर्षकै औषतलाई हेर्दा सबैभन्दा बढी ५६.११% अन्यको सहभागिता रहेको छ। त्यसैगरी जनजातिको ३८.४४%, दलितको ४.६९% र अपाङ्गको ०.७४% रहेको छ। त्यसैले सम्पूर्णलाई समान व्यवहार, अवसर र सुविधा प्रदान गरी छात्रवृत्तिको वितरणमा समावेशी गराई भर्ना वृद्धि गर्न सकिन्छ।

चित्र नं. २ : जातिगत तथा अपाङ्ग विद्यार्थीहरूको विवरण




## ४.२ कक्षा भर्ना, छोड्ने, दोहोऱ्याउने दर र नियमितताको अवस्था

शैक्षिक सत्र २०७३ मा अध्ययनरत बालबालिकाहरूको विद्यालयमा भर्नालाई शैक्षिक सत्र पूरा नगरी बीचैमा कक्षा छोड्ने दर तथा शैक्षिक सत्र पूरा गरेका तर अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउनेको दर निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ विद्यार्थीको भर्ना

शैक्षिक सत्र २०७३ सालमा भर्ना भएका जम्मा विद्यार्थी संख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३ : शैक्षिक सत्र २०७३ सालको विद्यार्थी भर्नादर

| क्र. सं | विद्यालय | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | राष्ट्रिय र. मा.वि. | ३८ | ३२ | ७० | १८ | ३९ | ४७ | ३२ | ३१ | ६३ | १८० |
| २. | झिलझिले मा.वि | ३३ | २२ | ५५ | २१ | १९ | ४० | १९ | १७ | ३६ | १३१ |
| ३. | सहिद भी. ना.मा.वि. | ११ | १६ | २७ | १४ | १५ | २९ | १२ | ९ | २१ | ७७ |
| ४. | बाल नि. मा.वि. | ४१ | ३८ | ७९ | ३२ | २६ | ५८ | २९ | ३१ | ६० | १९७ |
| ५. | भगवती मा.वि. | ८ | १२ | २० | १३ | १४ | २७ | १० | ९ | १९ | ६६ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

प्रस्तुत तालिकालाई अध्ययन गर्दा सबैभन्दा धेरै विद्यार्थी भर्ना बालनिकुञ्ज मा.वि.मा छ। त्यसैगरी राष्ट्रिय रमणिय मा.वि., झिलझिले मा.वि. सहिद भिम नारायण मा.वि. हुँदै भगवती मा.वि. मा सबैभन्दा कमी विद्यार्थी भर्ना रहेको छ।

### ४.२.२ कक्षा छोड्ने अवस्था

नमुना छनोटमा परेका विद्यालयहरूमा आधारभूत तहका बालबालिकाहरूको कक्षा छोड्ने अवस्था निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ।

तालिका नं. ४ : विद्यार्थीहरूले कक्षा छोड्नेको अवस्था (२०७३)

| क्र. सं | विद्यालय | | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | राष्ट्रिय र. मा.वि. | जम्मा भर्ना | ३८ | ३२ | ७० | १८ | २९ | ४७ | ३२ | ३१ | ६३ | १८० |
| | | कक्षा छोड्ने | २ | १ | ३ | ० | ० | ० | ० | १ | १ | ४ |
| २. | झिलझिले मा.वि | जम्मा भर्ना | ३३ | २२ | ५५ | २१ | १९ | ४० | १९ | १७ | ३६ | १३१ |
| | | कक्षा छोड्ने | ० | ० | ० | १ | ० | १ | ० | २ | २ | ३ |
| ३. | सहिद भी. ना.मा.वि. | जम्मा भर्ना | ११ | १६ | २७ | १४ | १५ | २९ | १२ | ९ | २१ | ७७ |
| | | कक्षा छोड्ने | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ |
| ४. | बाल नि. मा.वि. | जम्मा भर्ना | ४१ | ३८ | ७९ | ३२ | २६ | ५८ | २९ | ३१ | ६० | १९७ |
| | | कक्षा छोड्ने | १ | ० | १ | ० | १ | १ | ० | ० | ० | २ |
| ५. | भगवती मा.वि. | जम्मा भर्ना | ८ | १२ | २० | १३ | १४ | २७ | १० | ९ | १९ | ६६ |
| | | कक्षा छोड्ने | ० | २ | २ | १ | ० | १ | ० | ० | ० | ३ |
| | जम्मा | कक्षा छोड्ने | ३ | ३ | ६ | २ | १ | ३ | १ | ३ | ४ | १३ |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तालिका अनुसार २०७३ सालमा विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमध्ये राष्ट्रिय रमणीय मा.वि.मा २.२२% विद्यार्थीले कक्षा बीचैमा छोडेको पाइन्छ। त्यसैगरी झिलझिले मा.वि.बाट २.२९%, सहिद भीम नारायण मा.वि.बाट १.२९%, बालनिकुञ्ज मा.वि.बाट १.०२% र भगवती मा.वि.बाट ४.५४% विद्यार्थीहरूले बीचैमा कक्षा छोडेको पाइन्छ, भर्नाको तुलनामा भगवती मा.वि.मा सबैभन्दा बढी विद्यार्थीले कक्षा छोडेको पाइन्छ भने सबैभन्दा कम बालनिकुञ्ज मा.वि.मा पाइन्छ। विद्यार्थीहरूले बीचैमा कक्षा छोड्नुपर्ने कारणहरू अभिभावक काम गर्न गएर, बालबालिकाहरूलाई अभिभावकले राम्रोसँग ध्यान नदिएर, घरधन्दामा व्यस्त भएर कक्षा छोड्ने गरेको पाइयो। अतः यस अवस्थामा सुधार ल्याउनका लागि अभिभावकहरूलाई सचेतीकरण गर्ने।

तालिका नं. ५ : जातिगत तथा अपाङ्ग विद्यार्थीले कक्षा छोड्नेको अवस्था (२०७३)

| क्र.सं. | विद्यालय | | जनजाति | दलित | अपाङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | रा.र.मा.वि. | जम्मा भर्ना | ७० | ७ | ३ | १०० | १८० |
| | | कक्षा छोड्ने | २ | १ | १ | ० | ४ |
| २. | झिलझिले मा.वि. | जम्मा भर्ना | ५७ | ५ | ० | ६९ | १३१ |
| | | कक्षा छोड्ने | १ | १ | ० | १ | ३ |
| ३. | सहिद भि. ना. मा.वि. | जम्मा भर्ना | १९ | ३ | ० | ५५ | ७७ |
| | | कक्षा छोड्ने | ० | १ | ० | ० | १ |
| ४. | बालनिकुञ्ज मा.वि. | जम्मा भर्ना | ८७ | ११ | २ | ९७ | १९७ |
| | | कक्षा छोड्ने | १ | १ | ० | ० | २ |
| ५. | भगवती मा.वि. | जम्मा भर्ना | २१ | ४ | ० | ४१ | ६६ |
| | | कक्षा छोड्ने | २ | ० | ० | १ | ३ |
| | जम्मा | जम्मा भर्ना | २५४ | ३० | ५ | ३६२ | ६५१ |
| | | कक्षा छोड्ने | ६ | ४ | १ | २ | १३ |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

उक्त तथ्याङ्कलाई समग्रमा विश्लेषण गर्दा जम्मा विद्यार्थी भर्ना ६५१ मध्ये कक्षा छोड्ने विद्यार्थी सङ्ख्या १३ जना (१.९९%) रहेको छ। जसमध्ये जनजाति ०.९२% दलित, ०.६१%, अपाङ्ग ०.१५% र अन्य ०.३०% रहेका छन्। सबैभन्दा बढी कक्षा छोड्ने दर जनजातिको छ भने सबैभन्दा कम कक्षा छोड्ने दर अपाङ्गको छ। कक्षा छोड्नेको मुख्य कारण, जनजाति समूहको छिटो विवाह गरी घरव्यवहारमा व्यस्त, पारिवारिक समस्या रहेको पाइयो। अतः यस अवस्थामा सुधार ल्याउनका लागि जनचेतनामूलक कार्यक्रम राष्ट्र र विद्यालयले समेत सञ्चालन गरी सम्पूर्ण अभिभावक, विद्यार्थीहरूलाई सचेतीकरण गराउने।

### ४.२.३ कक्षा दोहोऱ्याउने अवस्था

आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरू शैक्षिक सत्र पूरा नगरी वा वार्षिक परीक्षामा अनुतिर्ण भई कक्षा दोहोऱ्याउने अवस्था यसप्रकार प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : आधारभूत तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था (२०७३)


| | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कुल |
| जम्मा भर्ना | १३१ | १२० | २५१ | ९८ | १०३ | २०१ | १०२ | ९७ | १९९ | ६५१ |
| कक्षा दो. | १२ | १२ | २४ | १६ | ११ | २७ | २३ | १८ | ४१ | ९२ |
| प्रतिशत | ९.५७% | | | १३.४३% | | | २०.६०% | | | १४.१३% |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

अनुसूची ८ मा उल्लेख गरिएको तालिका अनुसार शैक्षिक सत्र २०७३ मा भर्ना भएका जम्मा विद्यार्थी ६५१ मध्ये सबै विद्यालयबाट ९२ जना (१४.१३%) विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको देखिन्छ । भर्नाको आधारमा सबैभन्दा बढी विद्यार्थीहरूले कक्षा दोहोऱ्याउने दर भगवती मा.वि.मा २२.७२% रहेको छ भने सबैभन्दा कम बालनिकुञ्ज मा.वि.मा ८.६२% रहेको छ भने रा.र.मा.वि.मा १३.८८%, झिलझिले मा.वि.मा १६.७९% र सहिद भीम नारायण मा.वि.मा १६.८८% रहेको छ । जसमध्ये छात्रा १२.८१% र छात्र १५.४% रहेका छन्, कक्षा दोहोऱ्याउनेमा सबैभन्दा बढी कक्षा ८ मा २०.६०% र सबैभन्दा कम कक्षा ६ मा ९.५६% विद्यार्थीहरू रहेका छन् ।

जसको कारण सामग्रीको कम प्रयोग, व्यवहारिक सिकाइको अभावता, तालिम लिएका शिक्षकको अभाव, कक्षाकोठा व्यवस्थापनमा समस्या, शिक्षक विधिको प्रयोगमा समस्या कारणहरू रहेको पाइयो । अतः उक्त समस्यालाई समाधान गर्नका लागि प्रभावकारी रूपमा शैक्षिक सामग्रीको प्रयोग, व्यवहारिक सिकाइलाई प्राथमिकता, शिक्षकलाई तालिमको व्यवस्था गरी विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्ने । कमजोर विद्यार्थीका लागि थप कोचिङको व्यवस्था मिलाउनु पर्ने देखिएको छ ।

चित्र नं. ३ : कक्षा दोहोऱ्याउने विद्यार्थी




प्रस्तुत चित्रमा हेर्दा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या कक्षा ८ मा रहेको छ भने सबैभन्दा कम कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या कक्षा ६ मा रहेको छ। उक्त चित्रका आधारमा कक्षा दोहोऱ्याउने दरलाई न्युनिकरण गर्न आवश्यक छ।

तालिका नं. ७ : जातिगत तथा अपाङ्ग विद्यार्थीको कक्षा दोहोऱ्याउने अवस्था (२०७३)

| क.सं. | विद्यालय | दर | जनजाति | दलित | अपाङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | रा.र.मा.वि. | जम्मा भर्ना | ७० | ७ | ३ | १०० | १८० |
| | | कक्षा दोहोऱ्याउने | १५ | २ | ० | ८ | २५ |
| २. | झिलझिले | जम्मा भर्ना | ५७ | ५ | ० | ६९ | १३१ |
| | मा.वि. | कक्षा दोहोऱ्याउने | १२ | ३ | ० | ७ | २२ |
| ३. | सहिद भि. | जम्मा भर्ना | १९ | ३ | ० | ५५ | ७७ |
| | ना. मा.वि. | कक्षा दोहोऱ्याउने | ८ | १ | ० | ४ | १३ |
| ४. | बालनिकुञ्ज | जम्मा भर्ना | ८७ | ११ | २ | ९७ | १९७ |
| | मा.वि. | कक्षा दोहोऱ्याउने | ६ | ५ | १ | ५ | १७ |
| ५. | भगवती | जम्मा भर्ना | २१ | ४ | ० | ४१ | ६६ |
| | मा.वि. | कक्षा दोहोऱ्याउन | ५ | २ | ० | ८ | १५ |
| | जम्मा | जम्मा भर्ना | २५४ | ३० | ५ | ३६२ | ६५१ |
| | | कक्षा दोहोऱ्याउन | ४६ | १३ | १ | ३२ | ९२ |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

माथिको तथ्याङ्कलाई समग्रमा विश्लेषण गर्दा शैक्षिक सत्र २०७३ मा जम्मा भर्ना भएका विद्यार्थीहरू ६५१ मध्ये १४.४३% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको अवस्था पाइन्छ। जम्मा पनि जातिगत र अपाङ्गका आधारमा पाँचओटै विद्यालयलाई समग्रमा हेर्दा भर्नाका आधारमा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने दर दलितको ४३.३३% देखिन्छ भने सबैभन्दा कम अन्यको ८.८३% रहेको छ र त्यसैगरी जनजातिको १८.११% अपाङ्गको २०% रहेको छ। कक्षा दोहोऱ्याउनुका प्रमुख कारणहरू गरिबीका कारण, दलितहरूले विद्यालय निरन्तर आउन नपाइ अनुतिर्ण हुने, शिक्षाको माध्यम भाषाका कारण, गरिबीका कारण रहेको पाइयो। अतः यस समस्यालाई समाधान गर्नका लागि दलित तथा जातिगत रूपमा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, स्थानीय भाषालाई विद्यालयमा प्राथमिकता प्रभावकारी शिक्षण विधिको प्रयोग, चेतनामूलक कार्यक्रमको प्रचारप्रसार समावेशीकरण शिक्षाको प्रयोग गर्नुपर्दछ।

### ४.२.४ विद्यार्थी नियमितताको अवस्था


शैक्षिक सत्र २०७३ मा नमुना छनोटमा परेका आधारभूत विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी ६५१ मध्ये नियमित विद्यालय आउने विद्यार्थीको विवरण यसप्रकार छ ।

तालिका नं. ८ : नियमित विद्यार्थीको विवरण (२०७३)

| क.सं. | विद्यालय | दर | छात्र | छात्रा | जम्मा | कुल |
|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय रमणीय मा.वि. | जम्मा भर्ना | ८८ | ९२ | १८० | |
| | | नियमित विद्यार्थी | ७३ | ८० | १५३ | |
| २. | झिलझिले मा.वि. | जम्मा भर्ना | ७३ | ५८ | १३१ | |
| | | नियमित विद्यार्थी | ६१ | ४६ | १०७ | |
| ३. | सहिद भीम नारायण मा.वि. | जम्मा भर्ना | ३७ | ४० | ७७ | |
| | | नियमित विद्यार्थी | २७ | ३८ | ६५ | |
| ४. | बालनिकुञ्ज मा.वि. | जम्मा भर्ना | १०२ | ९५ | १९७ | |
| | | नियमित विद्यार्थी | ९४ | ८४ | १७८ | |
| ५. | भगवती मा.वि. | जम्मा भर्ना | ३१ | ३५ | ६६ | |
| | | नियमित विद्यार्थी | २६ | २६ | ५२ | |
| | जम्मा | जम्मा भर्ना | ३३१ | ३२० | ६५१ | |
| | | नियमित विद्यार्थी | २८१ | २७४ | ५५५ | |

*स्रोत : स्थलगत अध्ययन, २०७४*

चित्र नं. ४ : नियमित विद्यार्थीको विवरण (२०७३)



माथिको तालिका तथा चित्रमा नियमित रूपमा विद्यालयमा उपस्थित हुने विद्यार्थी सङ्ख्या ५५५ जना (८५.२५%) र अनुपस्थित १४.७४% रहेको छ। भर्नाका आधारमा छात्रको उपस्थित ८४.८९% र अनुपस्थित १५.१% रहेको पाइयो भने छात्राको उपस्थिति ८५.६२% र अनुपस्थिति १४.३७% रहेको पाइयो। विद्यालयमा विद्यार्थी नियमित रूपमा उपस्थित हुन नसक्नुको कारण आर्थिक, घरायसी कामकाज रहेको पाइयो। उक्त समस्यालाई निराकरण गरी उपस्थित दर १००% बनाउनको लागि राष्ट्र, अभिभावक, विद्यार्थी, शिक्षक सम्पूर्णले ध्यान दिनुपर्दछ। विद्यालयमा आकर्षक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीलाई निरन्तर पृष्ठपोषण र प्रोत्साहन दिनुपर्दछ।

### ४.२.५ समग्रमा विद्यार्थीको सहभागिताको विवरण

सामुदायिक विद्यालयमा आधारभूत तहमा विद्यार्थीहरूको सहभागिता सम्बन्धी तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।


तालिका नं. ९ : विद्यालयहरूको विद्यार्थी समष्टिगत विवरण (२०७३)

| क्र. सं. | विवरण | विद्यार्थी सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | भर्ना भएका विद्यार्थी सङ्ख्या | ३२० | ३३१ | ६५१ | ४९.१५% | ५०.८४% | १००% |
| २. | कक्षा छोड्ने विद्यार्थी सङ्ख्या | ७ | ६ | १३ | २.१८% | १.८१% | १.९९% |
| ३. | कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या | ४१ | ५१ | ९२ | १२.८१% | १५.४८% | १४.१३% |

*स्रोत : स्थलगत अध्ययन, २०७३*

२०७३ सालको विद्यार्थी भर्नालाई हेर्दा छात्राभन्दा छात्र बढी भर्ना भएका छन्। जसमा कक्षा छोड्ने दर पनि छात्राको बढी र छात्रको कम छ भने कक्षा दोहोऱ्याउने दर छात्राको भन्दा छात्रको बढी देखिन्छ। समग्रमा हेर्दा २०७३ सालमा विद्यालयमा भर्ना भएका विद्यार्थीहरू मध्ये कक्षा छोड्ने दर १.९९% र कक्षा दोहोऱ्याउने दर १४.१३% रहेको पाइन्छ।

चित्र नं. ५ : विद्यालयहरूको विद्यार्थी समष्टिगत विवरण (२०७३)




प्रस्तुत तालिका र चित्रमा शैक्षिक सत्र २०७३ सालमा भर्ना भएका ५ ओटै विद्यालयका विद्यार्थीहरूमध्ये बीचैमा कक्षा छोड्ने विद्यार्थी दर १.९९% रहेको छ । जसमध्ये छात्रभन्दा छात्राको प्रतिशत बढी रहेको देखिन्छ । त्यसैगरी शैक्षिक सत्र पूरा नगरी तथा वार्षिक परीक्षामा अनुतीर्ण भई कक्षा दोहोऱ्याउने दर १४.१३ रहेको छ, जसमा छात्राभन्दा छात्र बढी रहेको देखिन्छ ।

जसका कारणहरू गरिबी, जनचेतनाको अभाव, ध्यानको अभाव, शिक्षणको माध्यम भाषा, शिक्षण सामग्री विधि, घरधन्दामा व्यस्त आदि रहेका छन् । जुन समस्यालाई न्युनीकरण गरी भर्नालाई वृद्धि उत्तीर्ण दर, नियम दरलाई वृद्धि गर्नका लागि छात्रवृत्तिको व्यवस्था, जनचेतनामूलक कार्यक्रम सञ्चालन, अभिभावक, विद्यार्थीलाई सचेतीकरण, स्थानीय भाषालाई प्राथमिकता थप कक्षाको व्यवस्था, शिक्षण विधि र सामग्रीको प्रभावकारी प्रयोग गर्नुपर्दछ ।

### ४.३ विद्यार्थीको सहभागिता न्यून हुनाका कारणहरू

आधारभूत तहमा विद्यार्थी सहभागिता न्यून हुँदै गएको अध्ययनले देखाएको छ । यसो हुनुमा यस समुदायका मानिसहरूको आर्थिक अवस्था कमजोर हुनु हो । जसका कारण

आधारभूत आवश्यकता गाँस, बास कपासमै धौधौ पर्छ। जसले गर्दा भर्ना लगायत आवश्यक सामग्रीको व्यवस्था गर्न कठिन हुन्छ। कहिलेकाहीँ भर्ना भएका विद्यार्थीहरू विद्यालय बीचैमा छोड्न बाध्य हुन्छन् । अभिभावकहरूमा शैक्षिक चेतनाको कमीले गर्दा पनि विद्यालय भर्नामा असर परेको देखिन्छ ।

विद्यालयमा विद्यार्थीको सहभागिता घट्नुको अर्को कारण घरधन्दामा व्यस्त, प्रायजसो छात्राहरू चाँडै विवाह गरेर पारिवारिक बन्धन, शिक्षाप्रति कम चासोले गर्दा, अभिभावकले राम्रोसँग ध्यान बच्चालाई नदिएकोले हो। त्यसैगरी सहभागिता घट्नुको प्रमुख कारण शिक्षण सिकाइको माध्यम हो। अहिलेको परिप्रेक्ष्यमा हेर्ने हो भने समुदायका मानिसहरू अङ्ग्रेजी माध्यमको शिक्षाप्रति आकर्षित छन् । सामुदायिक विद्यालयहरूमा शिक्षणको माध्यम अङ्ग्रेजी नहुनु, अङ्ग्रेजी किताब भए पनि राम्ररी अध्यापन नहुनु, उपयुक्त नुहुनु र आर्थिक अभावको कारणले विद्यालयमा भौतिक स्रोत साधनहरूको व्यवस्थापनमा कमी, उपयुक्त शैक्षिक वातावरणको निर्माणको अभावले समाजका सचेत मानिसहरूको सामुदायिक विद्यालयप्रति नकारात्मक भावनाको विकास भएको पाइन्छ। जसका कारण आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन रुचाउँदैनन् । परिणामस्वरूप आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता न्यून भइरहेको पाइन्छ । त्यस्तै गरी सहभागिता न्यून हुनुको अर्को कारण कक्षाकोठा व्यवस्थापन हो, कक्षा कोठा बालमैत्री बनाउन नसक्नु, पाठ्यक्रम निर्माण गर्दा उनीहरूको भावना, चाहानाको ख्याल नगर्नु, अभिभावकको आफ्नो बालबालिकाको पढाइप्रति कम चासो, शैक्षिक सामग्रीको प्रयोगको अभाव, शिक्षण विधि, विद्यार्थी केन्द्रित नहुनु, स्थानीय भाषामा प्राथमिकताको अभाव आदि कारणले विद्यार्थीको सहभागिता न्यून रहेको छ ।

तालिका नं. ११ अनुसार विद्यार्थी सहभागिता परिवर्तनको अवस्थाबाट अध्ययन गर्दा राष्ट्रिय रमणिय मा.वि.मा २०७१ सालभन्दा २०७२ सालमा २३.२८% ले ह्रास नभएको झिलझिले मा.वि.मा २०७१ को तुलनामा २०७२ मा ६.८५% ले घटेको र २०७३ मा १९.६३% ले घटेको पाइयो । बालनिकुञ्ज मा.वि.मा २०७२ मा ३.५८% ले घटेको र भगवति मा.वि.मा २०७२ सालमा ६.३४% ले ह्रास भएको पाइयो, समग्रमा हेर्दा विद्यार्थीको सहभागिता न्यून रहेको छ । सहभागिता न्यून हुनका कारणहरु निम्न छन् ।

### ४.३.१ सामाजिक कारण

विद्यालयमा भर्नाको अवस्थालाई अध्ययन गर्दा सहभागिता, भर्ना न्यून रहेको पाइन्छ । विद्यालयमा विद्यार्थीको सहभागिता न्यून भइसकेपछि न्यून हुनुको कारणहरू खोज्ने क्रममा सामाजिक कारण एउटा प्रमुख कारण रहेको छ । सामाजिक कारणहरू भित्र लैङ्गिक विभेद (छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिएर विद्यालय पढाउने) चाँडो विवाह, प्रायः जस्तो जनजाति समुदायको बालबालिकाले उमेर नपुगी चाँडै पढ्दापढ्दै बिहे गरेको पाइन्छ । आमाबुबा बाहिरको काममा गई घरायसी कार्यमा छोरीलाई खटाएको त्यसैगरी भाइ बहिनीको हेरचाहमा सरिक गराएका हुनमा विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको छ ।

### ४.३.२ चेतनाको अभाव

विद्यार्थीको सहभागिता न्यून हुनको कारण चेतनाको अभाव रहेको छ । शिक्षाको अभावले छोरा र छोरीबीच सम्मान भावना नराख्ने अनि पढेपछि सो अनुरूपको उपलब्धि नपाउनु र बेरोजगारीको अवस्था रहेकाले सहभागिता न्यून रहेको शिक्षाप्रति कम चासो रहेको पाइन्छ । पढेपछि केही काम पाइएको छैन, किन पढ्ने भन्ने मानिस धेरै पाइन्छ अझै पनि जसले गर्दा सहभागिता न्यून रहेको छ ।

### ४.३.३ अङ्ग्रेजी माध्यमप्रति आकर्षित हुनु

अहिलेको समयमा सम्पूर्ण मानिसहरू अङ्ग्रेजी शिक्षा (माध्यम) प्रति आकर्षित छन् । सामुदायिक विद्यालयहरूमा शिक्षणको माध्यम अङ्ग्रेजी नहुनु, अङ्ग्रेजी किताब भए तापनि राम्ररी अध्ययन नहुनु यसका कारण हो । त्यसैले गर्दा प्रायः जसो अभिभावकहरूले बोर्डिङ स्कुल तर्फ आफ्ना बालबालिका पढाउन पठाएको पाइन्छ ।

### ४.३.४ कक्षाकोठाको व्यवस्थापन

विद्यालयमा विद्यार्थीहरूको सहभागिता न्यून हुनुको अर्को कारण कक्षाकोठा व्यवस्थापनको अभाव रहेको छ । भौतिक पूर्वाधारको अभाव रहेको छ । भौतिक पूर्वाधारको अभाव रहेको छ । जसमा कक्षाकोठाको आकार, डेक्स, वेन्च, भवन, पुस्तकालयको अवस्था आदिलाई ध्यान नदिएको पाइन्छ ।

### ४.३.५ कक्षाकोठाको सजावट र सामग्रीको अभाव

विद्यार्थीहरूको सहभागिता न्यून हुनुको अर्को कारण कक्षाकोठामा डेक्स बेन्च मात्र रहेको, सजावटमा कमी रहेको, अध्ययन अध्यापनमा आवश्यक सामग्रीको अभाव रहेको पाइयो । विभिन्न चार्टहरू नभएको कारणले सहभागिता न्यून रहेको छ ।

### ४.३.६ बालकेन्द्रित शिक्षण विधिको अभाव

अहिलेको वैज्ञानिक युगमा आएर पनि शिक्षक केन्द्रित विधिको बढी प्रयोग गरेको पाइयो । जसका कारणले विद्यार्थीमा अल्छिपन, शिक्षाप्रति कम चासो रहेकाले पढ्न मन नलाग्ने, विद्यालय कम आउने, कहिले नआउने गदागर्दै विद्यालयमा अनुपस्थित रहेको पाइयो । बालकेन्द्रित शिक्षण विधिको अभाव भएका कारणले सामुदायिक विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको पाइयो ।

### ४.३.७ समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु

विद्यालयमा अध्ययन, अध्यापन गर्न थालिसके पछि पनि १ महिनासम्म पनि पाठ्यपुस्तक उपलब्ध नहुने गरेको पाइन्छ । अध्यापन, अध्यापनमा पाठ्यपुस्तक नहुँदा गाह्रो रहेको पाइन्छ । जसका कारणले विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको छ ।

### ४.३.८ मातृभाषामा शिक्षणको व्यवस्था नहुनु

नेपाली बहुभाषी, बहुजातिय देश भएकाले एउटा समुदायमा विभिन्न जातजातिहरू बसोबास गरी विद्यालयमा विभिन्न जातजातिहरू बसोबास गरी विद्यालयमा विभिन्न जातजाति, भाषाभाषिका बालबालिकाहरू उपस्थित हुन्छन् । शिक्षणको माध्यम भाषामा मातृभाषालाई प्राथमिकता नदिएकाले, मातृभाषीमा शिक्षणको व्यवस्था नगरेकाले, स्पष्ट रूपमा पढाएको नबुझ्ने, अल्छि लाग्ने भएकाले विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको पाइन्छ, त्यसैले स्थानीय भाषालाई प्राथमिकता दिनु जरुरी छ ।

### ४.३.९ बालमैत्री व्यवहारको अभाव

विद्यालयमा अध्यापन, अध्यापनको समयमा, अतिरिक्त क्रियाकलापको समयमा बालमैत्री व्यवहारको अभाव रहेको पाइयो । जसका कारण विद्यालयमा बालबालिकाको सहभागिता न्यून हुँदै गएको छ । जसलाई न्युनिकरण गर्नको लागि बालमैत्री व्यवहारलाई

प्राथमिकता दिनुपर्दछ । उल्लेखित कारणहरूले गर्दा विद्यालयमा विद्यार्थीको सहभागिता न्यून रहेको छ ।

## ४.४ आधारभूत शिक्षामा विद्यार्थी सहभागितामा वृद्धिको अवस्था

नमुना क्षेत्रभित्र छनोटमा परेका सामुदायिक विद्यालयको शैक्षिक सत्र २०७३ र विगत २ शैक्षिक सत्रको आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता अध्ययन गरी आएको परिवर्तनको अवस्थाको विश्लेषण गरिएको छ। विद्यार्थीको सहभागिता न्यून हुनका कारणहरूको खोजी गरी प्रस्तुत गरिएको छ । विद्यार्थीको सहभागिता वृद्धि गर्ने उपायहरूको खोजी गरी प्रस्तुत गरिएको छ, तथ्य तथ्याङ्क विश्लेषणबाट भएको प्राप्तिलाई उल्लेख गरिएको छ ।

### ४.४.१ विद्यार्थीको सहभागितामा परिवर्तनको अवस्था

तालिका नं. १० : विद्यार्थीको सहभागितामा परिवर्तनको अवस्था

| क.सं. | विद्यालय | शैक्षिक सत्र | जम्मा भर्ना विद्यार्थी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | रा.र.मा.वि. | २०७१ | २१९ | | |
| | | २०७२ | १६८ | २३.२८% | घटेको |
| | | २०७३ | १८० | ७.१४% | बढेको |
| २. | झिलझिले मा.वि. | २०७१ | १७५ | | |
| | | २०७२ | १६३ | ६.८५% | घटेको |
| | | २०७३ | १३१ | १९.६३% | घटेको |
| ३. | सहिद भि.ना.मा.वि. | २०७१ | ५५ | | |
| | | २०७२ | ६८ | २३.६३% | बढेको |
| | | २०७३ | ७७ | १३.३३ | बढेको |
| ४. | बालनिकुञ्ज मा.वि. | २०७१ | १७५ | | |
| | | २०७२ | १८८ | ३.५८% | घटेको |
| | | २०७३ | १९७ | ४.७८% | बढेको |
| ५. | भगवती मा.वि. | २०७१ | ६३ | | |
| | | २०७२ | ५९ | ६.३४% | घटेको |
| | | २०७३ | ६६ | ११.८६% | बढेको |
| | जम्मा | २०७१ | ७०६ | | |
| | | २०७२ | ६४६ | ८.४९% | घटेको |
| | | २०७३ | ६५१ | ०.७७% | बढेको |

*स्थलगत अध्ययन : २०७१, २०७२, २०७३*

नमुना छनोटमा परेका पाँचवटा सामुदायिक विद्यालयहरूमा आधारभूत तहमा शैक्षिक सत्र २०७१-२०७३ ३ वर्षको विद्यार्थीको सहभागिताको अवस्थालाई माथिको तालिका अनुरूप हेर्दा राष्ट्रिय रमणीय मा.वि.मा २०७१ सालभन्दा २०७२ सालमा २३.२८% ले ह्रास भएको र २०७३ मा ७.१४ ले वृद्धि भएको पाइन्छ ।

झिलझिले मा.वि.मा २०७१ को तुलनामा २०७२ मा ६.८५% ले घटेको र २०७३ मा १९.६३% ले घटेको पाइयो ।

सहिद भीम नारायण मा.वि.मा पहिलो वर्षको तुलनामा दोस्रो वर्षमा २३.६३% ले र दोस्रो वर्षमा १३.३३% ले वृद्धि भएको पाइयो ।

बालनिकुञ्ज मा.वि.मा पहिलो वर्षको तुलनामा दोस्रो वर्षमा ३.५८% ले घटेको र तेस्रो वर्षमा फेरि ४.७८% ले वृद्धि भएको पाइयो ।

भगवती मा.वि.मा २०७१ सालको तुलनामा २०७२ मा ६.३४% ले ह्रास भएको र २०७३ मा ११.८६ ले विद्यार्थी सहभागितामा वृद्धि भएको पाइयो ।

समष्टिगत रूपमा विद्यालयमा विद्यार्थीको सहभागितालाई हेर्दा पाँचओटै विद्यालयमा २०७१ को तुलनामा २०७२ सालमा ८.४९% ह्रास भएको र फेरि २०७३ सालमा ०.७७% ले वृद्धि भएको देखिन्छ । त्यसैगरी दलित अपाङ्गको सङ्ख्या जनजाति भन्दा धेरै कम रहेको पाइयो भने सबैभन्दा बढी अन्यको रहेको पाइयो । समग्रमा हेर्दा सामुदायिक आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता घटेको पाइन्छ । विद्यार्थी भर्ना वृद्धिदर घट्नु एउटा प्रमुख समस्या हो । जुन समस्यालाई समाधान गरी शैक्षिक उपलब्धि वृद्धि गरी विकासलाई अगाडि बढाउनका लागि सम्पूर्ण व्यक्ति, परिवार, समाज, विद्यालय परिवार र राष्ट्रले विशेष ध्यान दिनु जरुरी छ ।

### ४.४.२ विद्यार्थीको सहभागिता बढाउने उपायहरू

सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरूले गरिब तथा जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने गरेका छन् । त्ससलाई थप वृद्धि गरी सहि सदुपयोग गर्न सकेमा विपन्न वर्गका बालबालिकाहरूलाई सहयोग पुग्ने थियो । शैक्षिक चेतना जगाउने गरी कार्यक्रमहरूको योजना बनाई लागु गर्नु, अभिभावकले बालबालिकाको ध्यान दिई जिम्मेवारी

बहन गरेमा, भर्ना कार्यक्रमलाई प्रभावकारी रूपमा प्रयोग गरेमा, नियमित उपस्थित हुने विद्यार्थी र नियमित आफ्नो बच्चा विद्यालय पठाउने अभिभावकलाई कुनै कार्यक्रम मार्फत् सम्मानजनक पुरस्कृत गरेर, पुनर्बल र प्रोत्साहनको प्रयोग गरेर, प्र.अ. शिक्षक र अभिभावकको सहभागिता हुने गरी समिति गठन गरी शैक्षिक चेतना फैलाउने कार्य गरेमा विभिन्न शैक्षिक चेतनामूलक घरदैलो कार्यक्रम गरेमा बालबालिकाको सहभागिता बढाउन सकिने देखिन्छ। विभिन्न संघसंस्थाहरूको सहयोगमा शिक्षा, स्वास्थ्य, सरसफाइ, पौष्टिक आहारप्रति महिलालाई प्रशिक्षित गरेर मानवअधिकार, महिला अधिकार, बालअधिकार, समावेशीता, बालश्रमसम्बन्धी जानकारी प्रदान गरी अभिभावकले चेतना दिनेखालका कार्यक्रम गर्दा सहभागिता बढ्ने देखिन्छ।

विद्यालयहरूमा विद्यार्थीको रुची, इच्छा र चाहनालाई मध्यनजर गरेर कक्षा कोठालाई बालमैत्री बनाउन सकेमा, अतिरिक्त क्रियाकलाप सञ्चालन गरेमा, पाठ्यक्रम निर्माण अनुरूपको गर्न सकेमा, विद्यालय व्यवस्थापनमा ध्यान दिई उपयुक्त शैक्षिक वातावरणको निर्माण गरेमा, विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको उपयुक्त व्यवस्थापन साथै प्रयोग गरेमा शिक्षण सिकाइको माध्यम अङ्ग्रेजी बनाई भौतिक रूपले सम्पन्न गर्न सकेमा स्थानीय भाषालाई प्राथमिकता दिई विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरेमा कमजोर विद्यार्थीका लागि थप कोचिङ कक्षाको व्यवस्था गरेमा विद्यालयमा विद्यार्थीको सहभागितामा वृद्धि गर्न सकिन्छ।

### ४.५ अध्ययनका प्राप्तिहरू

अनुसन्धानको अध्ययन क्षेत्रमा परेका विद्यालयहरूमा शैक्षिक सत्र २०७१, २०७२ र २०७३ को आधारभूत तह कक्षा ६-८ मा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या, २०७३ सालमा कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने र नियमित विद्यार्थी सङ्ख्या भिन्नाभिन्नै तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा आएका प्राप्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

अध्ययन क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्दा ३ वटा विद्यालय राष्ट्रिय रमणीय मा.वि., बालनिकुञ्ज मा.वि. र भगवती मा.वि.मा विद्यार्थी भर्नादर आधार वर्ष २०७१ सालको तुलनामा २०७२ सालमा घटेको र २०७३ सालमा बढेको पाइयो भने झिलझिले

मा.वि.मा विद्यार्थी भर्नादर हास्रोन्मुख अवस्थामा देखिन्छ । त्यसैगरी भीम नारायण मा.वि.मा दोस्रो् वर्षमा वृद्धि भएको र तेस्रो वर्षमा पुनः वृद्धि भएको पाइन्छ ।

समग्रमा ५ ओटै विद्यालयलाई हेर्दा आधार वर्ष २०७१ सालभन्दा २०७२ सालमा ८.४९% ले ह्रास भएको र २०७३ सालमा ०.७७% ले वृद्धि भएको पाइयो । भर्ना भएका विद्यार्थीहरू मध्ये सबैभन्दा बढी अन्यको सङ्ख्या, जनजाति, दलित हुँदै सबैभन्दा कम अपाङ्गको देखिन्छ ।

जसमध्ये भर्नाको तुलनामा कक्षा छोड्ने दर भगवती मा.वि.मा सबै भन्दा बढी र सबैभन्दा कम बालनिकुञ्ज मा.वि.मा पाइयो । जसको कारण अभिभावकले् आफ्नो बच्चालाई राम्रोसँग ध्यान नदिएको घरधन्दामा व्यस्त रहेको पाइयो । कक्षा छोड्ने दर मध्ये सबैभन्दा बढी जनजातिको छ भने सबैभन्दा कम अपाङ्गको रहेको पाइयो । समावेशीको अभाव पाइयो ।

त्यसैगरी शैक्षिक सत्र २०७३ मा भर्ना भएका विद्यार्थीहरू मध्ये समग्रमा १४.१३% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको पाइयो, भर्नाको आधारमा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने दर भगवती मा.वि.भने सबैभन्दा कम दर बालनिकुञ्ज मा.वि.मा रहेको पाइयो । जातिगत र अपाङ्गका आधारमा समग्रमा ५ ओटै विद्यालयलाई हेर्दा भर्नाका आधारमा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने दर दलितको र सबैभन्दा कम दर अन्यको पाइयो ।

कक्षा दोहोऱ्याउने कारण गरिबी, शिक्षणको माध्यम भाषा, शिक्षण विधि, शैक्षिक सामग्री, कक्षाकोठा व्यवस्थापनमा सैद्धान्तिक शिक्षा आदिको समस्या रहेको पाइयो ।

विद्यार्थी नियमितताको अवस्थालाई हेर्दा भर्ना भएका विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुने गरेको पाइयो । जसको कारण विद्यालयमा आकर्षक शैक्षिक कार्यक्रमको अभाव, पृष्ठपोषण, प्रोत्साहनको कमी, घरायसी समस्या आदि रहेको पाइयो ।

विद्यालयमा विद्यार्थीहरूको सहभागिता न्यून रहेको पाइयो । जसका कारणहरू सामाजिक कारण, चेतनाको अभाव, अङ्ग्रेजी भाषाप्रति आकर्षित, उचित कक्षाकोठा व्यवस्थापनको अभाव, बालकेन्द्रित शिक्षण विधिको अभाव स्थानीय भाषा मातृभाषाको अभाव, समयमा पाठ्यपुस्तक उपलब्ध नहुने आदि कारण रहेको पाइयो ।

अध्ययनबाट प्राप्त परिणामहरूको विश्लेषण गर्दा अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयहरूमा आधारभूत तहमा सहभागिता ह्रास हुँदै गएको अर्थात् सन्तोषजनक रहेको पाइँदैन । समावेशी रूपमा पाइँदैन, विद्यार्थी भर्ना कहिले बढ्ने त कहिले घट्ने रहेको छ । विद्यालयमा विद्यार्थी भर्नाको तुलनामा बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर बढी रहेको पाइन्छ । विद्यालयमा विद्यार्थीको उपस्थितिमा नियमितताको कमि रहेको पायन्छ । केही विद्यालयमा भर्नाको अवस्था पहिलो वर्षको तुलनामा दोस्रो वर्षमा घट्ने र तेस्रो वर्षको बढ्ने पाइन्छ भने केहीमा घट्ने त केहीमा बढ्ने पाइन्छ । शैक्षिक जागरणको कमी, नकारात्मक सोचमा वृद्धि, गुणस्तर शिक्षाको कमी पृष्ठपोषण, प्रोत्साहनको कमी, शिक्षण सामग्री, शिक्षण विधि, प्रयोगको अभाव, चेतनाको अभाव, गरिबी, घरायसी समस्या, व्यवहारिक ज्ञानको अभाव रहेको पाइयो ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

*आधारभूत तहको शिक्षामा विद्यार्थी सहभागिता* शोध शीर्षक अर्न्तगत गरिएको अध्ययन, अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषणबाट विद्यालय उमेर समूहका बालबालिकाको सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिताको अवस्था पत्ता लगाउन विद्यार्थीको ३ वर्षको विद्यालयमा भर्नाको अवस्था, कक्षा छोड्ने र दोहोऱ्याउने नियमितताको अवस्थाको विश्लेषण गरिएको छ ।

आधार वर्षको रूपमा रहेको २०७१ को तुलनामा पछिल्लो वर्षमा विद्यार्थी घट्दै गएकाले यसलाई रोक्नका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक कार्यक्रमका माध्यमबाट अभिभावकलाई चेतना जगाई भर्नादर वृद्धि गर्नुपर्दछ ।

त्यसैगरी २०७३ सालको भर्नाका आधारभूत कक्षा छोड्ने दर निकै रहेकाले, जसमा पनि सबैभन्दा बढी कक्षा छोड्ने दर जनजातिको भएकाले यसलाई रोक्नका लागि समान व्यवहार गरी समावेशी शिक्षालाई प्राथमिकता दिनुपर्दछ । विद्यालयमा आकर्षक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी छात्रवृत्तिमा विशेष ध्यान दिई कक्षा छोड्ने दर रोक्नुपर्दछ ।

भर्नाको आधारमा शैक्षिक सत्र पूरा नगरी तथा वार्षिक परीक्षामा अनुतिर्ण भई कक्षा दोहोऱ्याउनेदर बढी भएकाले यसलाई न्यून बनाउनका लागि विद्यालयमा उचित कक्षाकोठाको व्यवस्थापन, शैक्षिक सामग्री, शिक्षण विधिको उपयुक्त प्रयोग, थप कक्षा (कोचिङ) व्यवस्था, स्थानीय भाषालाई प्राथमिकता पुर्नबल र पृष्ठपोषणको प्रयोग गर्नुपर्दछ ।

भर्नाको आधारमा विद्यालयमा विद्यार्थी नियमितताको अवस्थालाई अध्ययन गर्दा विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुने गरेको पाइएकाले नियमिततालाई वृद्धि गर्नका लागि, विद्यालयमा समय समयमा आकर्षक शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ, नियमित उपस्थित हुने विद्यार्थीलाई प्रोत्साहनका साथ पुरस्कार वितरण गर्नुपर्दछ । अभिभावकलाई सचेत बनाई उनीहरूको बच्चालाई विद्यालय पढाउन चेतना दिनुपर्दछ ।

झापा जिल्लाको दुधे स्रोतकेन्द्र अर्न्तगत सञ्चालित नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूको आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता अन्तर्गत तिन शैक्षिक सत्रको विद्यालय भर्ना, शैक्षिक सत्र २०७३ को बीचैमा कक्षा छोड्ने, दोहोऱ्याउने तथा नियमितताको अवस्थासँग सम्बन्धित तथ्याङ्कको अध्ययन गरी व्याख्या विश्लेषण पश्चात् निम्न निष्कर्ष निकालिएको छ ।

नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूको आधारभूत तहमा अध्ययन गर्दा विद्यार्थीको सङ्ख्या घटेको पाइएको छ। विद्यालयमा विपन्न बालबालिकाहरूका लागि आकर्षक सुविधा एवम् छात्रवृत्तिको व्यवस्थापन, भौतिक व्यवस्थापनमा सुधार, विद्यार्थी केन्द्रित शिक्षण विधि, स्थानीय भाषालाई प्रांथमिकता, शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग बालमैत्री कक्षाकोठा, उपयुक्त वातावरण, अध्ययन अध्यापनको माध्यम, अङ्ग्रेजी बनाउन सकेमा विभिन्न पुरस्कार, पुनर्बल र प्रोत्साहनको उपयुक्त प्रयोग, जनचेतनामूलक कार्यक्रम, अभिभावकमा शैक्षिक चेतना र जिम्मेवारीको विस्तार, साथै सिकाई उपलब्धिमा वृद्धि गर्न सकेमा बालबालिकाको विद्यालय सहभागितामा वृद्धि गर्न सकिन्छ। समग्रमा विद्यालयमा बालबालिकाको सहभागितामा वृद्धि गर्न ल्याउनका लागि विद्यालयमा नीतिगत, भौतिक र शैक्षिक पक्षहरूमा व्यवहारिक रूपमा परिवर्तन गर्नु, समानताको भावना जागृत गर्नु, बालमैत्री शिक्षण, वातावरणको व्यवस्था गर्नु, आजको आवश्यकता आधारभूत शिक्षा निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरू

यो शोधपत्रको अध्ययन स्नातकोत्तर तहको शिक्षाशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि गरिएको हुनाले यस अध्ययनबाट निस्किएका निष्कर्ष र सुझावहरू सबै ठाउँमा समय, परिस्थिति एवम् वातावरण अनुकुल उपयुक्त नहुन सक्छ तर यस अध्ययनका क्रममा गरिएका तथ्याङ्क सङ्कलनका विधिहरू अन्तर्गत अवलोकन जस्ता सामाजिक अनुसन्धानका लागि अपरिहार्य छन् ।

समुदायका बालबालिकाको उचित शिक्षा एवम् विकास गर्न सकियोस् अमूल्य शिक्षाको उज्यालो ज्योतिबाट कोही पनि वञ्चित हुनु नपरोस् भनी सम्पूर्ण बालबालिकाको देश निर्माणमा दायित्व छ भन्ने कुरा बुझेर तत्काल समानता, सामाजिक न्याय र वृद्धिका साथै विकास उन्नतिका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

नेपालको पूर्वाञ्चल विकास क्षेत्र, झापा जिल्ला अन्तर्गत आदिवासी, जनजाति दलित तथा अन्य जातिको बसोबास छ । अध्ययनको क्रममा देखिएका तथ्याङ्कका आधारमा पनि आदिवासी, जनजाति, दलित वर्ग विभिन्न पक्षहरूबाट पछाडि परेका हुनाले सर्वप्रथम समानुपातिक ढङ्गबाट समावेशी रूपमा प्राथमिकता दिई सुधार गर्नुपर्दछ ।

मानिसहरूको आर्थिक अभावको कारणले शिक्षामा प्रत्यक्ष असर पर्ने भएकाले सर्वप्रथम आर्थिक स्तर वृद्धि गर्न, कृषि तथा विभिन्न व्यवसाय सम्बन्धी आधुनिक प्रविधि र ज्ञानको आवश्यकता रहेको देखिन्छ । नेपाल सरकारले मल, सिचाई सुविधाको उचित व्यवस्थापन गरिदिने, सहुलियत रूपमा ऋण प्रदान गरी, आफ्नो उब्जाउप्रति उचित बजारको व्यवस्थापन गर्न सकेमा आर्थिक स्थितिमा सुधार आउँछ ।

सरकारी विद्यालयहरूको भौतिक, शैक्षिक उन्नतिका लागि शिक्षा मन्त्रालयले बजेटको व्यवस्था गरी उचित रूपमा सदुपयोगको नीति बनाउने शिक्षा नीतिमा सुधार गर्ने, छात्रवृत्तिका लागि बजेट वृद्धि गर्ने ।

त्यसैगरी पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण गर्दा अङ्ग्रेजी भाषा, स्थानीय आवश्यकता, भाषा भेषभुषा भौगोलिक अवस्था समेतलाई ध्यानमा राखी पाठ्यक्रममा समेत समावेश गर्नुपर्दछ ।

जिल्ला शिक्षाका तथा सम्बद्ध निकायले विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी अनुगमन तथा निरीक्षणको लागि नियमित र उपयुक्त व्यवस्थापन गर्नुपर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

शिक्षा आजको आधारभूत आवश्यकता हो । मानिसको जीवनस्तर उकास्न सहयोग गर्ने सबैभन्दा महत्त्वपूर्ण छ । गलत धारणा भएका मानिसहरूको शिक्षा प्रतिको उदासिनतालाई हटाई सकारात्मक सोचको विकास गराउन स्थानीय समुदाय तथा राजनीतिककर्मीहरू अग्रसर हुनुपर्दछ ।

अभिभावक तथा विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्न विद्यालयमा बालबालिकालाई पढाए र विद्यार्थी निरन्तर आए बापत पुनर्बलका साथमा प्र.अ. तथा शिक्षकले पुरस्कृत गर्ने । विद्यालयले बालमैत्री र उपयुक्त वातावरणको सिर्जना गर्नु, समुदायमा शैक्षिक चेतनामूलक

कार्यक्रमको व्यवस्था गर्नुपर्दछ, छात्रवृत्तिको स्तरमा वृद्धि गरी उचित वितरण प्र.अ.ले मिलाउने । शिक्षकबाट चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

प्र.अ. तथा शिक्षकले शिक्षण सिकाइको माध्यम विद्यालयमा अङ्ग्रेजी बनाउनु पर्ने, वि.व्य.स. तथा शिक्षकले अनुत्तीर्ण हुने विषयमा थप कक्षाहरूको व्यवस्थापन गर्नुपर्ने खासगरी गणित, अङ्ग्रेजी र विज्ञानका लागि । जिल्ला शिक्षाका तथा स्रोतकेन्द्रमा विषयगत सुपरिवेक्षकको व्यवस्थापन गरी नियमित रूपमा सुपरीवेक्षण गर्नुपर्ने देखिन्छ ।

विद्यालयले भर्ना कार्यक्रमलाई अगाडि बढाउनुपर्ने, भर्ना भएका विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने र दोहोऱ्याउने प्रवृत्ति कम गर्न, शिक्षक अग्रज अभिभावक, सरोकारवालाहरू गाउँपालिका, नगरपालिका, विद्यालय साथै अन्य संघसंस्थाहरू सबै मिली तत्काल शैक्षिक जागरण अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ ।

शिक्षकहरूबाट विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन शैक्षिक कार्यक्रम सञ्चालन, प्रधानाध्यापकले शिक्षणका लागि आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्ने, भौतिक व्यवस्था विद्यार्थी केन्द्रित विधिको प्रयोग, बाल अधिकार, सबैलाई शिक्षा, समावेशी शिक्षालाई मध्यनजर, उपयुक्त शैक्षिक वातावरण निर्माण, शिक्षकले मातृभाषालाई मध्यनजर गर्ने, विद्यार्थीको इच्छा, रुचि र चाहनाको ख्याल गरी नियमित विद्यालय आउने वातावरणको निर्माण स्थानीय समुदाय, अभिभावक, शिक्षक सम्पूर्ण जुट्नुपर्ने देखिन्छ । जसले गर्दा भर्ना वृद्धि, कक्षा छोड्ने र दोहोऱ्याउने अवस्था कम भई नियमिततामा वृद्धि हुने देखिन्छ ।

यस अनुसन्धानको क्रममा नमुना छनोटमा परी अध्ययन गरिएका विद्यालयहरूमा अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्षमा विद्यार्थी भर्ना घट्ने विद्यार्थी सङ्ख्याको आधारमा बीचैमा कक्षा छोड्ने, दोहोऱ्याउने सङ्ख्या बढी पाइएको हुनाले कमजोर विद्यार्थीका लागि समय मिलाएर अतिरिक्त कक्षाको व्यवस्था प्रधानाध्यापक तथा शिक्षकले गर्नुपर्ने शैक्षिक गुणस्तरका कार्यक्रम, नियमित विद्यालय उपस्थित हुने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । जसबाट कक्षा दोहोऱ्याउने सङ्ख्या न्युनीकरण गर्न सकिन्छ । उल्लेखित कार्यहरू गर्न सकेमा विद्यार्थी भर्ना, सहभागिता वृद्धि, कक्षा छोड्ने र दोहोऱ्याउने दर कम र विद्यार्थीलाई विद्यालयमा नियमित उपस्थित गराई गुणस्तरीय शिक्षा प्रदान गरी आशातित लक्ष्य प्राप्त गर्न सकिन्छ ।

### ५.२.३ अनुसन्धान तह

नेपालको पूर्वाञ्चलको झापा जिल्लाको नमुना छनोटभित्र परेका सामुदायिक विद्यालयको आधारभूत तहमा गरिएको यस अध्ययन अनुसन्धानबाट मात्र सम्पूर्ण मानिसको जनजीवनको अवस्था स्पष्ट हुन नसकेकाले सहरी क्षेत्रका बालबालिकाको सामाजिक, आर्थिक, शैक्षिक अवस्था, आधारभूत तहको पनि पहिलो र दोस्रो चरण, मा.वि. तह, विद्यार्थीको समावेशिता जस्ता विषयवस्तुमा अनुसन्धानहरूबाट थप अनुसन्धान गर्न यस अनुसन्धानले सहयोग गर्ने आशा गरिन्छ। साथै यस विषयसँग सम्बन्धित रही थप अरू अनुसन्धानका लागि अनुसन्धान दाताहरूलाई सुझाव समेत प्रस्तुत गरिएको छ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, यशोदा, ओभ्ना, सीता (२०६१) *विद्यायल उमेरका बालबालिकाले विद्यालय छोड्ने कारण,* काठमाडौ : महिला शिक्षक कुञ्ज, बर्ष ७, अंक-६, महिला परियोजना ।

उपाध्याय, जागेश्वर (२०६१), *माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता,* सुर्खेतः शिक्षा शास्त्र सङ्काय, सुर्खेत बहुमुखी क्याम्पस ।

कार्की, बद्री (२०६९), *आधारभूत तहका विद्यार्थीहरूले कक्षा छोड्ने कारणहरू,* (अप्रकाशित शोधपत्र) सुरुङ्गा : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

कर्ण, शैलेन्द्र लाल (२०७२), *माध्यमिक शिक्षामा बालबालिकाको सहभागिता,* (अप्रकाशित शोधपत्र) सुरुङ्गा : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

काफ्ले, तेजप्रसाद र निरौला, हरिप्रसाद (२०७३), *शिक्षा सम्बन्धी आधारभूत ज्ञान,* दिपमाला पब्लिकेशन प्रा.लि. बागबजार काठमाडौँ ।

खनाल चिरञ्जीवी (२०७३), *शिक्षा ऐन* पैरवी प्रकाशन ।

रेग्मी, दुर्गा, दिक्षित उषा र ढकाल पदमा (२०५३) *महिला शिक्षा गतिविधि वार्षिक पत्रिका,* नेपाल सरकार शिक्षा मन्त्रालय, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना महिला शिक्षा एकाई, काठमाडौं, केशरमहल ।

लुइँटेल, प्रतिमा (२०६९), *साक्षरता कार्यक्रममा महिलाहरूको सहभागिता* (अप्रकाशित शोधपत्र) सुरुङ्गा : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्र कुमार (२०५८) *शिक्षाका आधार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७२), *शिक्षाको परिचय,* काठमाडौँ : एम के पब्लिसर्स एण्ड डिष्ट्ब्युटर्स ।

शिक्षा मन्त्रालय (२०६३) *एक झलक,* केशरमहल काठमाडौंः शिक्षा तथा खेलकुद मन्त्रालय ।

CERID (2009) ***Effectiveness of Scholarship Programme For Disadvantaged Children in Nepal,*** Tripureshwor, Kathmandu.

**आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता**

**अनुसूची १**

**प्रधानाध्यापकका लागि प्रश्नावली**

नाम : ................

विद्यालयको नाम : ............

अनुभव वर्ष : ............

ठेगाना : .............

१. तपाईको विद्यालयमा आधारभूत तहमा कुन जाति तथा वर्गका बालबालिकाको सहभागिता बढी छ ?

-----------------------------------------------------------------

२. अघिल्लो वर्षको तुलनामा यसवर्ष आधारभूत तहमा विद्यार्थीको भर्नामा वृद्धि वा कमि के भएको छ ?

(क) वृद्धि भएको छ (ख) उस्तै छ (ग) कमी भएको छ

३. विद्यालयमा विद्यार्थीको उपस्थिती कस्तो रहेको छ ?

(क) नियमित (ख) कहिलेकाहीँ (ग) कम उपस्थित

४. आधारभूत तहमा कक्षा दोहोऱ्याउनेको अवस्था कस्तो छ ?

(क) न्यून छ (ख) धेरै छ (ग) छैन

५. भर्ना भएका विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने अवस्था कस्तो छ ?

(क) छैन (ख) न्यून छ (ग) बढी छ

६. सामुदायिक विद्यालयप्रति यहाँका अभिभावकको सोचाई कस्तो रहेको पाउनुहुन्छ ?

-----------------------------------------------------------------

७. विद्यालयप्रति समुदायको धारणा कस्तो छ ?

(क) सकारात्मक (ख) नकारात्मक (घ) मिश्रित

८. विद्यालयमा विद्यार्थीको सहभागिता वृद्धि गरी कक्षा छोड्ने दोहोऱ्याउने दर कम गर्नका लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नुभएको छ ?

-----------------------------------------------------------------

९. तपाईको विद्यालयमा विद्यार्थी सहभागिता वृद्धि गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

(क) ....................

(ख) .....................

(ग) ....................

## आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

नाम : ................

विद्यालयको नाम : ............

अनुभव वर्ष : ............

ठेगाना : .............

१. तपाई कुन-कुन विषय पठाउनुहुन्छ ?

-------------------------------------------------------------

२. तपाईको विषयमा अध्ययनरत विद्यार्थीहरू सबै वार्षिक परीक्षामा सहभागि हुन्छन् ?

(क) सबै हुन्छन् (ख) आदि मात्र हुन्छन् (ग) कम सहभागि हुँदैनन्

३. तपाईको विषयममा विद्यार्थीहरू नियमित आउँछन् ?

(क) आउँछन् (ख) आउँदैनन् (ग) कहिलेकाहीँ आउँदैनन्

४. तपाईको शिक्षणका लागि आवश्यक सामग्रीहरू विद्यालयबाट कतिको उपलब्ध भइरहेको छ ?

(क) भएको छैन (ख) आवश्यकताअनुसार भएको छ (ग) न्यून छ

५. तपाईले शिक्षक तालिम लिनु भएको छ ?

(क) छ (ख) छैन (ग) पूरा लिएको छैन

६. कक्षामा विद्यिार्थीहरूले पढाइमा कतिको रुची लिन्छन् ?

(क) धेरै (ख) ठिकै (ग) लिँदैनन्

७. तपाईको विषयमा कक्षामा विद्यार्थीको उत्तीर्ण एवम् अनुत्तीर्ण अवस्था कस्तो छ ?

-------------------------------------------------------------

८. बीचैमा कक्षा छोड्ने विद्यार्थीहरूलाई नियमित बनाउन के के उपाय अपनाउन सकिन्छ ?

-------------------------------------------------------------

९. तपाईको कक्षामा विद्यार्थी सहभागिता वृद्धि गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

(क) ....................

(ख) .....................

(ग) ....................

**आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता**

**अनुसूची ३**

**वि.व्य.स. अध्यक्षका लागि प्रश्नावली**

नाम : .................

विद्यालयको नाम : ............

अनुभव वर्ष : ............

ठेगाना : .............

१. विद्यालयप्रति तपाईको दायित्व, कर्तव्य के के छन् ?

-----------------------------------------------------------------

२. विद्यालयमा महिनाको कतिपटक छड्के निरीक्षणका लागि आउनु हुन्छ ?

-----------------------------------------------------------------

३. तपाईका समुदायमा के कस्तो जातजातिको बसोबास छ ?

-----------------------------------------------------------------

४. विद्यालयप्रति समुदायका मानिसहरूको धारणा कस्तो रहेको पाउनु भएको छ ?

(क) नकारात्मक (ख) सकारात्मक (ग) मिश्रित

५. समुदाय र विद्यालयबीचको सम्बन्ध कस्तो रहेको पाउनुहुन्छ ?

(क) प्रगाढ (ख) मिश्रित (ग) नराम्रो

६. तपाईको समुदायका विद्यालय उमेर समूहका बालबालिकाहरू सबै विद्यालयमा भर्ना भएका छन् ?

(क) छन् (ख) छैनन् (ग) थोरै भर्ना भएका छैनन्

## आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता

## अनुसूची ४

## अभिभावकका लागि प्रश्नावली

नाम : .................

विद्यालयको नाम : ............

ठेगाना : .............

१. तपाईको छोराछोरीलाई नियमित विद्यालय पठाउनुहुन्छ ?

(क) पठाउँछु (ख) पठाउँदिन (ग) कहिलेकाहीँ छुट्छ

२. तपाईले छोराछोरीलाई सबै परीक्षामा सामेल गराउनुहुन्छ ?

(क) गराउछु (ख) गराउँदिन (घ) कहिलेकाहीँ छुट्छ

३. तपाई छोराछोरीको प्रगति बुझ्न विद्यालय जानुहुन्छ ?

(क) जान्छु (ख) जाँदिन (ग) भ्याएको बेला जान्छु

४. तपाईको घरबाट विद्यालय कतिको टाढा छ ?

-------------------------------------------------------------

५. तपाईका नानीहरू घरमा गृहकार्य कतिको गर्छन् ?

क) कहिलेकाहीँ (ख) सधैँ (ग) गर्दैनन्

६. तपाई के पेशा गर्नुहुन्छ ? उक्त पेशाले नानीहरूलाई के कस्तो सहयोग गरेको छ ?

-------------------------------------------------------------

७. घरमा नानीहरू पढाई बाहेक के के काम गर्दछन् ?

-------------------------------------------------------------

८. विद्यालयमा नानीहरू पठाउनका लागि विद्यालय तथा अन्य संघसंस्थाहरूले के कस्तो सहयोग गरेका छन् ?

-------------------------------------------------------------

**आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता**

**अनुसूची ५**

**विद्यार्थीका लागि प्रश्नावली**

नाम : .................

विद्यालयको नाम : ............

कक्षा : ...............

ठेगाना : .............

१. तिम्रो नाम के हो ?

-------------------------------------------------------------

२. तिमी कति कक्षामा पढ्छौ ?

-------------------------------------------------------------

३. घरबाट विद्यालय आउन कति समय लाग्छ ?

(क) १ घण्टा (ख) आधा घण्टा (ग) १५ मिनेट

४. तिमी हप्तामा कति दिन विद्यालय आउँछौ ?

(क) सधैँ (ख) ३ दिन (ग) ५ दिन

५. विद्यालयमा साथीभाईले कस्तो व्यवहार गर्ने गरेका छन् ?

(क) भेदभावपूर्ण (ख) सम्मानजनक (ग) अपमानजक

६. विद्यालयबाट के के सुविधाहरू पाएका छौ ?

-------------------------------------------------------------

७. घरमा गृहकार्य सधैँ गर्न भ्याउँछौ कि भ्याउँदैनौ ?

(क) भ्याउँछु (ख) भ्याउँदिन (ग) कहिलेकाहीँ छुट्छ

८. तिम्रो बुबा आमाले के काम गर्नुहुन्छ ?

-------------------------------------------------------------

९. सबै परीक्षामा सामेल हुन्छौ ?

-------------------------------------------------------------

## अनुसूची ६

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम : ............

ठेगाना : .............

शैक्षिक सत्र : ...................

| क.सं. | भर्ना | | बीचैमा कक्षा छोड्ने | | कक्षा दोहोऱ्याउने | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| | | | | | | | |

## आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता

## अनुसूची ७

## जातिगत तथा अपाङ्ग विद्यार्थीको विवरण

| शै.स | कक्षा | जम्मा | जनजाति | दलित | अपाङ्ग | अन्य | कुल |
|---|---|---|---|---|---|---|---|
| २०७१ | ६ | २७० | १०० | १७ | ३ | १५० | ७०६ |
| | ७ | २४७ | ८४ | १० | २ | १५१ | |
| | ८ | १८९ | ७८ | १० | १ | १०० | |
| | जम्मा | ७०६ | २६२ | ३७ | ६ | ४०१ | |
| २०७२ | ६ | २५० | १०० | १० | २ | १३८ | ६४६ |
| | ७ | २१२ | ९० | ९ | १ | ११२ | |
| | ८ | १८४ | ६४ | ८ | १ | १११ | |
| | जम्मा | ६४६ | २५४ | २७ | ४ | ३६१ | |
| २०७३ | ६ | २५१ | ११० | १२ | २ | १२७ | ६५१ |
| | ७ | २०१ | ७० | १० | १ | १२० | |
| | ८ | १९९ | ७४ | ८ | २ | ११५ | |
| | जम्मा | ६५१ | २५४ | ३० | ५ | ३६२ | |
| जम्मा | २०७१ | ७०६ | २६२ | ३७ | ६ | ४०१ | |
| | २०७२ | ६४६ | २५४ | २७ | ४ | ३६१ | |
| | २०७३ | ६५१ | २५४ | ३० | ५ | ३६२ | |
| | कुल | २००३ | ७७० | ९४ | १५ | ११२४ | |
| | औषत | | ३८.४४% | ४.६९% | ०.७४% | ५६.११% | |

## आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता

## अनुसूची ८

### आधारभूत तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था (२०७३)

| क्र.सं | विद्यालय | | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | राष्ट्रिय र. मा.वि. | जम्मा भर्ना | ३८ | ३२ | ७० | १८ | २९ | ४७ | ३२ | ३१ | ६३ | १८० |
| | | कक्षा दो. | २ | ३ | ५ | ६ | ३ | ९ | ७ | ४ | ११ | २५ |
| २. | झिलझिले मा.वि | जम्मा भर्ना | ३३ | २२ | ५५ | २१ | १९ | ४० | १९ | १७ | ३६ | १३१ |
| | | कक्षा दो. | ४ | २ | ६ | ४ | ४ | ८ | ४ | ४ | ८ | १२ |
| ३. | सहिद भि. ना.मा.वि. | जम्मा भर्ना | ११ | १६ | २७ | १४ | १५ | २९ | १२ | ९ | २१ | ७७ |
| | | कक्षा दो. | १ | ० | १ | २ | १ | ३ | ६ | ३ | ९ | १३ |
| ४. | बाल नि. मा.वि. | जम्मा भर्ना | ४१ | ३८ | ७९ | ३२ | २६ | ५८ | २९ | ३१ | ६० | १९७ |
| | | कक्षा दो. | ३ | ४ | ७ | २ | २ | ४ | २ | ४ | ६ | १७ |
| ५. | भगवती मा.वि. | जम्मा भर्ना | ८ | १२ | २० | १३ | १४ | २७ | १० | ९ | १९ | ६६ |
| | | कक्षा दो. | २ | ३ | ५ | २ | १ | ३ | ४ | ३ | ७ | १५ |
| | जम्मा | जम्मा भर्ना | १३१ | १२० | २५१ | ९८ | १०३ | २०१ | १०२ | ९७ | १९९ | ६५१ |
| | | कक्षा दो. | १२ | १२ | २४ | १६ | ११ | २७ | २३ | १८ | ४१ | ९२ |

# आधारभूत तहको शिक्षामा विद्यार्थीको सहभागिता
## अनुसूची ९
## जातिगत तथा अपाङ्ग विद्यार्थीको विवरण

| क्र.सं. | विद्यालय | शै.सत्र | कक्षा | जम्मा | जनजाति | दलित | अपाङ्ग | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | रा.र.मा.वि. | २०७१ | ६ | ८६ | ३५ | ५ | १ | ४५ |
| | | | ७ | ६५ | २२ | ३ | ० | ४० |
| | | | ८ | ६८ | २७ | ३ | ० | ३८ |
| | | २०७२ | ६ | ६७ | २८ | २ | १ | ३६ |
| | | | ७ | ४६ | २० | २ | ० | २४ |
| | | | ८ | ५५ | १८ | २ | ० | ३५ |
| | | २०७३ | ६ | ७० | ३२ | ३ | १ | ३४ |
| | | | ७ | ४७ | २० | २ | १ | २४ |
| | | | ८ | ६३ | १८ | २ | १ | ४२ |
| २. | झिलझिले मा.वि. | २०७१ | ६ | ७२ | २६ | २४ | १ | ४१ |
| | | | ७ | ५९ | १९ | १ | १ | ३८ |
| | | | ८ | ४४ | २० | २ | ० | २२ |
| | | २०७२ | ६ | ६४ | २५ | २ | ० | ३७ |
| | | | ७ | ५४ | २२ | १ | ० | ३१ |
| | | | ८ | ४५ | १७ | १ | ० | २७ |
| | | २०७३ | ६ | ५५ | २५ | २ | ० | २८ |
| | | | ७ | ४० | १६ | २ | ० | २२ |
| | | | ८ | ३६ | १७ | १ | ० | १९ |
| ३. | सहिद भीम नारायण मा.वि. | २०७१ | ६ | १२ | ४ | ० | ० | ८ |
| | | | ७ | २५ | ५ | ५ | १ | १९ |
| | | | ८ | १८ | ५ | १ | ० | १२ |
| | | २०७२ | ६ | २१ | ५ | १ | ० | १५ |
| | | | ७ | ३० | ८ | १ | ० | २१ |
| | | | ८ | १७ | ६ | १ | ० | १० |
| | | २०७३ | ६ | २७ | ९ | १ | ० | १७ |
| | | | ७ | २९ | ४ | १ | ० | २४ |
| | | | ८ | २१ | ६ | १ | ० | १४ |
| ४. | बालनिकुञ्ज मा.वि. | २०७१ | ६ | ८२ | ३० | ६ | १ | ४५ |
| | | | ७ | ७२ | ३१ | ३ | १ | ३७ |
| | | | ८ | ४१ | २० | ३ | १ | १७ |
| | | २०७२ | ६ | ७८ | ३१ | ३ | १ | ४३ |
| | | | ७ | ६५ | ३५ | ३ | १ | २६ |
| | | | ८ | ४५ | २० | ३ | १ | २१ |
| | | २०७३ | ६ | ७९ | ३६ | ५ | १ | ३७ |
| | | | ७ | ५८ | २२ | ३ | ० | ३३ |
| | | | ८ | ६० | १९ | ३ | १ | २७ |
| ५. | भगवती मा.वि. | २०७१ | ६ | १८ | ५ | २ | ० | ११ |
| | | | ७ | २६ | ७ | २ | ० | १७ |
| | | | ८ | १९ | ६ | १ | ० | १२ |
| | | २०७२ | ६ | २० | ११ | २ | ० | ७ |
| | | | ७ | १७ | ५ | २ | ० | १० |
| | | | ८ | २२ | ३ | १ | ० | १८ |
| | | २०७३ | ६ | २० | ८ | १ | ० | ११ |
| | | | ७ | २७ | ८ | २ | ० | १७ |
| | | | ८ | २९ | ५ | १ | ० | १३ |